Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १९, अंक- २, २०८३ साल साउन १२ गते मंगलबार (July 28, 2026)
www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

### मन्त्री लम्सालले उदघाटन गरे

# नागढुंगा शुरुङमार्ग

■ मोहन कार्की



काठमाडौ । नेपालको पहिलो आधुनिक नागढुङगा शुरुङमार्ग पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले उदघाटन सम्पन्न गरेकाछन् । काठमाडौवाट शुरुङ प्रवेश गर्नेद्धारमा रिवन काटेर उदघाटन गरी मन्त्री लम्साल, सुरक्षाकर्मी, सञ्चारकर्मी, एम्बुलेन्स, प्रविधिक टोली लगायतको सवारी २.५ किलोमिटरको शुरुङमार्गको दुरी पार गरेर फर्केको थियो ।

जापान सरकारको २३ अर्ब सहुलियतपूर्ण ऋण र नेपाल सरकारको झण्डै ६ अर्ब लगानीमा जापानकै कम्पनीले शुरुङ निर्माणको जिम्मा लिएको थियो ।

सुरुङमार्गको उदघाटन तत्कालीन प्रधानमन्त्री रहेका बेला केपी शर्मा ओलीले २०७२ कार्तिक ४ गते शिलान्यास गरेका थिए । २.३८ किलोमिटर लम्बाइ रहने उक्त सुरुङ मार्ग दुई लेनको चौडाइ ९.५ मिटर रहेको छ । भूकम्प तथा लकडाउन मुअब्जा जस्ता विवादले गर्दा तोकेको समयमा शुरुङमार्ग निर्माण सम्पन्न हुन सकेको थिएन । २०८२ असोज दशैको अवसर पारेर उदघाटन गर्ने »बाकी ६ पृष्ठमा

## रसुवागढीस्थित एकीकृत भन्सार भवन छिटो निर्माण सम्पन्न गर्न गृहमन्त्रीद्वारा निर्देशन



काठमाडौं- गृहमन्त्री सुधन गुरूङले रसुवागढीस्थित एकीकृत भन्सार कार्यालयको निर्माण कार्य छिटो सम्पन्न गर्न निर्देशन दिएका छन् ।

विगत आठ वर्षदेखि निमार्णाधीन भन्सार कार्यालयको निरीक्षणका लागि पुगेका गृहमन्त्री गुरुङले कामदारको सङ्ख्या बढाएर द्रुत रूपमा निर्माणको काम अगाडि »बाकी ६ पृष्ठमा

## प्रवासी नेपालीलाई अर्थमन्त्रीको आग्रह : मातृभूमिमा लगानी गर्नुहोस्



काठमाडौं- अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रवासी नेपालीहरूलाई मातृभूमिको विकासका लागि लगानी गर्न आग्रह गरेका छन् ।

अस्ट्रेलियाका नेपाली युवा उद्यमीहरूसँग शनिबार भएको ‘भर्चुअल’ छलफलमा उनले ‘एक पटकको नेपाली, सधैंको नेपाली’ हौं भन्ने सरकार र पार्टीको धारणामा विश्वस्त रहन आग्रह गरेको मन्त्री वाग्लेको निजी »बाकी ६ पृष्ठमा

## नेपाल पत्रकार महासंघको आपत्ति




काठमाडौं- समाचारको निहुँमा पत्रकारलाई धम्क्याएको भन्दै नेपाल पत्रकार महासंघले आपत्ति जनाएको छ । महासंघले आज विज्ञप्ति जारी गर्दै दोषीमाथि कारबाहीको माग गरेको छ ।

हिजो अन्नपूर्ण पोस्ट दैनिकमा प्रकाशित ‘कालोकोट लगाएर ठगी धन्दा चलाउँदै अधिवक्ता शाही’ शीर्षक समाचारलाई लिएर संवाददाता विस्नप्रसाद न्यौपानेलाई गालीगलौज गरिएको महासंघले जनाएको छ ।

त्यस्तै, कास्कीको पोखरास्थित सेती रिभर साइड रिसोर्टको समाचारलाई लिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पोखरा वडा »बाकी ६ पृष्ठमा

## प्रश्नपत्र सार्वजनिक गर्नेमाथि कारबाही हुन्छ : शिक्षामन्त्री



### प्रश्न पत्र सार्वजनीक गर्ने एक जना पकाउ

काठमाडौँ । त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायतर्फ एमबिएस प्रथम सेमेस्टरको ‘अर्गनाइजेशनल विहेवियर’ विषयको प्रश्नपत्र सार्वजनिक गर्ने व्यक्ति पक्राउ परेका छन् ।

प्रश्न पत्रको गोपनियता भङ्ग गरेको कसुरमा कैलालीको घोडाघोडी नगरपालिका-११ घर भई हाल भक्तपुर बस्ने ३३ वर्षीय सन्दीप सिंह पक्राउ परेका हुन् ।

भक्तपुरको मध्यपुरथिमीबाट केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले सिंहलाई पक्राउ गरेको हो । उनीमाथि अनुसन्धान जारी रहेको ब्युरोका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक अनुपम शम्शेर जबराले जानकारी दिए ।

काठमाडौं- शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायअन्तर्गत ’एमबीएस’ प्रथम सत्रको परीक्षाको प्रश्नपत्र सार्वजनिक गर्ने घटनामा संलग्न दोषीलाई कानुनी कारबाही गरिने बताएका छन् ।

मन्त्रालयमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै मन्त्री पोखरेलले सो घटनामा संलग्न दुई जनालाई नेपाल प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको जानकारी दिए ।

उनका अनुसार प्रश्नपत्र सार्वजनिक भएको जानकारी प्राप्त हुनासाथ गृह मन्त्रालय र नेपाल प्रहर ीसँग समन्वय गरी तत्काल निगरानी बढाइएको थियो ।

मन्त्री पोखरेलले विगतमा पनि यस्ता घटना दोहोरिएको उल्लेख गर्दै यसपटक तत्कालै कारबाही प्रक्रिया अघि बढाइएको र सुशासन विरोधी गतिविधिमा संलग्न जोसुकैलाई कानुनबमोजिम कारबाही गरिने स्पष्ट पारे । घटनाको विस्तृत अनुसन्धानपछि सत्यतथ्य सार्वजनिक गरिने उनले बताए ।

प्रश्नपत्र सार्वजनिक गरेको आरोपमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले दुई जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको छ । »बाकी ६ पृष्ठमा

## खुला सीमाले सीमा सुरक्षामा जटिल चुनौती : प्रहरी महानिरीक्षक कार्की

काठमाडौं- नेपाल-भारतबीचको खुला सीमा, तेस्रो मुलुकका शरणार्थीहरूको अवैध प्रवेश तथा अन्तरदेशीय अपराधमा कानुनी क्षेत्राधिकारको सीमितताका कारण मुलुकको सीमा सुरक्षामा गम्भीर र जटिल चुनौती थपिएको छ ।

सिंहदरबारमा शुक्रबार आयोजित संसदीय समिति ‘संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति’ को बैठकमा सीमा सुरक्षा र अपराध



नियन्त्रणबारे जानकारी गराउँदै प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीले पछिल्ला वर्षहरूमा भारतको बाटो हुँदै रोहिङ्ग्या, पाकिस्तानी तथा सोमालियाली नागरिकहरू अवैध रूपमा नेपाल प्रवेश गर्ने क्रम बढ्दो क्रममा रहेको बताए ।

नेपालका विभिन्न स्थानमा समूह बनाएर बसोबास गर्ने प्रयास गर्ने यस्ता विदेशी नागरिकलाई प्रहरीले पहिचान गरी नियन्त्रणमा लिँदै सम्बन्धित निकायमा बुझाउँदै आएको छ । »बाकी ६ पृष्ठमा

## हात्तीको संरक्षण गरी दीर्घकालीन रणनीति बनाउन सरकारलाइ सर्वोच्च अदालतको आदेश

काठमाडौं- हात्तीको संरक्षण गरी मानव हात्ती द्वन्द्व न्यूनीकरणको दीर्घकालीन रणनीति बनाउन सरकारलाई सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गरेको छ ।

हात्तीको संरक्षण र उनीहरुबाट हुनसक्ने मानविय नोक्सानी रोक्न ६ बुँदे निर्देशनात्मक आदेश जारी गर्दै हात्तीलाई यातना दिइएको र अनुचित व्यवहार गरिएको भनी दायर भएको रिट निवेदनमाथि सुनुवाई गर्दै सर्वोच्च



अदालतले सरकारलाई यस्तो आदेश दिएको हो । दुई वर्षअघि बनेको १० वर्षे हात्ती संरक्षण कार्ययोजना लागू गर्न निर्देशन दिदै उनीहरुको प्राकृतिक बासस्थान, परम्परागत र अन्तरदेशीय जैविक मार्गको संरक्षण र व्यवस्थापन गर्नँ भनी आदेश दिएको हो ।

अवैध हत्या, गैरकानूनी गतिविधि रोक्न कानूनी, नीतिगत र प्रशासनिक व्यवस्था गर्नँ भनेर आदेश दिदै सर्वोच्चले आफ्नो निर्देशनात्मक आदेशमा हात्तीका कारण हुनसक्ने मानवीय जोखिम घटाउन दीर्घकालीन र प्रभावकारी उपाय गर्न समेत भनेको छ ।
»बाकी ६ पृष्ठमा

आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- २,
२०८३ साल साउन १२ गते मंगलबार
28 JULY 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुँदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# सकारकार र बिभिन्न व्यवसायी बीच बढेको दुरी घटाउ

यतिवेला सरकारले गरेका निर्णयको बिरुद्धमा नेपालका धेरै जति व्यवसायसँग सम्बन्धित संघ/संस्थाहरु सरकारले गरेका निर्णयहरु बिरुद्ध एकपछि अर्को गर्दै आन्दोलित हुन थालेका छन् । सरकारले सञ्चार क्षेत्रमा सरकारी बिज्ञापन सरकारी सञ्चारमाध्मलाई मात्र दिन गरेको निर्णय होस् वा शिक्षा क्षेत्र र स्वस्थ्य क्षेत्रमा लगाएको कर, निजामती कर्मचारीको ३३/५५ अवधि र उमेर हद तथा कन्सल्टेसीहरुलाई लगाएको ऐन लगायत विषयमा जताततै यतिवेला सरकारको बिरुद्धमा आवाज उठ्न थालेको जस्तो देखिन्छ । सरकारले गरेको निर्णय सर्वोच्च अदालतले बदर गरेपनि प्रधानमन्त्री कार्यालयले नै परिपत्र गरेको हुनाले सरकारी बिज्ञापन अहिलेपनि नीजि लगानीका सञ्चार माध्यमले पाउन सकेका छैनन् । यसको बिरुद्धमा सञ्चारमाध्यम नै सरकारको पक्षमा देखिदैनन् । सञ्चार क्षेत्र नै सरकारको पक्षमा नभएपछि सरकारले गरेका असल निर्णयहरु जनतामा तलसम्म नपुग्दा नकरात्मक मात्रै बढ्दै जाने खतरा हुन सक्छ । त्यसको पनि थोरै असर पररिहेको देखिन्छ ।

विगतमा नेपाल सरकारले गर्ने निर्णयहरु सामाजिक रुपान्तरण हुन सकेन भनेर नै २०८२ भदौ २३ गते जेन्जी विद्रोह र त्यही जेन्जीको विद्रोहमा भट्किएको आन्दोलनलाई सहज गराउन सुशिला कार्कीको नेतृत्वमा बनेको सरकारले प्रतिनिधिसभाको निर्वाचन गरायो । त्यो निर्वाचनवाट राष्ट्रिय स्वतन्त्र पार्टीले १८२ सिट प्रतिनिधिसभा सदस्यमा निर्वाचन बिजय हाशिल गरेर रास्वपाकै नेतृत्वमा नयाँ सरकार बनेको हो । यो सरकार बनेपछि केही मुलुकी ऐनहरु परिवर्तन भएका छन् । केही परिवर्तनको तयारीमा छन् कतिपयले । सरकारभन्दा बाहिर रहेका प्रतिपक्षका सर्मथक त कतिपय आफ्नो व्यवसायमा पर्न गएको असरको वारेमा अफ्ठ्यारो महसुस गरेर बिरोधमा उत्रेका देखिन्छन् ।

यो अवस्थावाट सरकारले बनाउन खोजेको सु-सभ्य समाज र विकसीत देशको लक्ष्य भेटाउन सहज परिस्थिति बन्दैन । समस्या आएका क्षेत्रहरुसँग छलफल परामर्श गरेर विरोध के का लागी हो । सरकारले गरेका निर्णयहरु साच्चै असर पर्ने खालका नै हून भने जायज मागहरुलाई सम्बोधन गरेर त्यसलाई सच्याउन वा अर्को कुनै जुन जुन व्यवसायसँग सम्बन्धित छन् । तिनिहरुलाई नै राखेर बिकल्प खोजेर सरकार र व्यवसायी विभिन्न छातागत संघ, संस्थाहरुमा सरकारप्रति बढ्दै गएको दुरीलाई कम गरेर सहज वातावरण बनाई अगाडी बढ्नुपर्ने देखिन्छ ।

पछिल्लो समय प्रधानमन्त्रीले सहकार्यका लागी बिभिन्न संघ, संस्थाहरुसँग परामर्श गरिरहेको भएपनि दिनदिनै बजारमा भने सरकारलाई असफल पार्न कोशिस गर्नेहरुको तयारी पनि उत्तिक्कै छ । त्यसकारण सुझबुझका साथ सम्बन्धित बिज्ञहरुलाई राखेर यो भन्दा बढी विवादहरु बिरोधहरु नआउने गरी सरकारले संयन्त्र निर्माण गरेर अगाडी जानुपर्ने देखिन्छ ।

# नागरिक चेतनाको संकट र राज्यको संवेदनहीनता



■ जय राम विडारी

नेपाली राजनीतिक र सामाजिक वृत्तमा 'जनताको विवेक' लाई लिएर अक्सर ठूला-ठूला गफ र बहस हुने गर्छन् । तर, व्यवहारतः हेर्ने हो भने नेपाली जनताको सामूहिक चेतनाको अवस्था निकै दयनीय र विरोधाभासपूर्ण देखिन्छ । जुन जनता व्यवस्था परिवर्तनका लागि ज्यान दिन तयार हुन्छन्, तिनै जनता परिणामको कसीमा भने सधैँ चुकेका छन् ।

त्यसैले, नेपाली जनताको विवेकमाथि अब धेरै आदर्शवादी बहस गरिरहनुको कुनै औचित्य देखिदैन । हिजो जसलाई हामीले मुक्तिको संवाहक ठान्यौँ, आज तिनै शासकको रूपमा जनताकै थाप्लोमा बज्रिन आइपुगेका छन् । जनताले पटक-पटक राजनीतिक परिवर्तनका लागि आफ्नो मत र जनमत त दिए, तर त्यो मतको बदलामा उनीहरूले सधैँ धोका मात्रै पाइरहे । यो नेपाली समाजको यस्तो नियति हो, जहाँ चेतनाको स्तर र राजनीतिक विवेक सधैँ एउटा निश्चित स्वार्थको घेराभित्रै घुमिरहन्छ ।

**हिजोदेखि आजसम्म अनिश शाक्यदेखि वर्तमानका पठाओ चालक भनिएका गणेश नेपाली सम्मको सास्ती**

नेपाली राज्यसत्ता र यसका जुनसुकै निकाय हुन् तिनीहरू आम नागरिकका सवालमा सधैँ अनुदार, गैरजिम्मेवार र संवेदनहीन रहँदै आएका छन् । यसको पुष्टि इतिहासदेखि वर्तमानसम्मका कयौँ कारुणिक घटनाहरूले गरिरहेकै छन् ।

अतीतको त्यो घाउ (अनिश शाक्य): हिजोका दिनमा राजनीतिक आन्दोलनका नाममा कति निर्दोषहरू मारिए, कति अपाङ्ग बने । त्यसैको एउटा प्रतिनिधि पात्र हुन् तत्कालीन अवस्थाका पाँच वर्षिय बालक अनिश शाक्य । राज्यको तर्फबाट अन्धाधुन्ध रुपमा चलेको गोलीको सिकार भएर आफ्नै घरको झ्यालमा ढलेका ती अबोध बालकप्रति तत्कालीन शासक गोलीको आँखा हुन्न भनेर उम्किएको थियो । भने विपक्षीहरुले चरम रुपमा राजनीतिकरण गरेका थिए । जसरी वर्तमान शासकहरु स्थानीय निकायमा कस्को सरकार छ ? भनेर उम्किन खोजिरहेछन् । 'आँखा नभएको' त्यो अन्धाधुन्ध गोलीको सिकार शाक्य आफ्नै घरको झ्यालबाट बाहिर नियालिरहेको बेला हुन पुगेका थिए । एउटा अबोध बालकले आफ्नै घरभित्र असुरक्षित हुनुपर्ने त्यो राज्यको लाचारी थियो ।

वर्तमानको यो क्रूरताः समय बदलिए व्यवस्था बदलियो तर प्रवृत्ति बदलिएन । हिजो अनिश शाक्यहरू राज्यको गैरजिम्मेवारीको सिकार भएका थिए भने, वर्तमानमा पच्चिस वर्षिय पठाओ चालक भनिएका (गणेश नेपाली ) हरू यसको सिकार भइरहेका छन् । श्रम गरेर खान खोज्ने युवाहरू सडकमा राज्यकै संयन्त्र वा नीतिगत कमजोरीका कारण पेलिन विवश छन् ।

चाहे त्यो हिजोको हिंसात्मक कालखण्ड होस् वा आजको भनिएको शान्ति र लोकतन्त्रको युग, राज्यका जुनसुकै निकाय (प्रशासन, प्रहरी, वा नीति निर्माता) नागरिकको जीउधनको रक्षा गर्न पूर्णतः असफल र गैह्रजिम्मेवार नै सावित भएका छन् ।

**रामराज्यको भ्रम र लोप्पा नियति**

नेपाली जनताको एउटा ठूलो कमजोरी के हो भने, उनीहरू चाँडै भ्रमको सिकार हुन्छन् । हिजोअस्ति मात्रै निर्वाचनको समयमा कुनै नयाँ वा पुराना दलका नेताहरूले 'रामराज्य' (सुशासन र समृद्धिको आदर्श संसार) को सपनामा नेपाली जनता तिनै झुटा आश्वासन र सपनाको पछि लागेर, ठूलो गर्वका साथ मतपत्रमा छाप लगाएर, आफ्नो बूढी औँलाको मसी सुक्न नपाउँदै लोप्पा खाँदा सम्म चेत्दैनन् ।नागरिक उत्तरदायित्व पनि राज्यका नियम कानूनको पूर्ण परिपालनामा दत्तचित्त हुनु पर्ने नै हो,तर यसको मतलब यस पुरै असम्वेदनशील बन्नु पर्छ भन्ने भाष्य निर्माण गरिनु हुन्न । रामराज्यको कल्पनामा हिजो अस्ति मात्र भोट हालेर बुढी औंला देखाएकामा गर्व गर्ने यीनै नेपाली जनताहरु यतिबेला टुलुटुलु लोप्रायाइँ खान विवश छन् ।"

**सुशासन दिने भनिएको वर्तमान सरकारको छोटो समयमै**

तीनजना सुकुम्बासीको 'आत्महत्या' होल्डिंग सेन्टरमा राखिएका बाँकी सुकुम्बासीहरुको हरिविजोग छर्लङ्ग छँदैछ । जवकी वर्तमान सरकार निर्माणको पूर्वसन्ध्यामा तीनै सुकुहरुको अहम् भूमिका थियो नै । गरिबीका कारण एक महिलाले धोबिखोलामा हाम फालेको प्रसंग पठाओ चालक प्रसंगले केही छायामा पारेको भएपनि राज्यको समवेदना उत्तरदायित्वका हिसावले कम समवेदनशील घटना हुन सक्दैन ।

चुनाव सकिएको केही समय नबित्दै तिनै नेता र शासकहरूले जनतालाई ललिपप देखाएर सत्ताको दुरुपयोग सुरु गरे । नगर प्रहरी स्थानीय निकाय अन्तर्गत रहने भए पनि नागरिक सुरक्षाको दायित्व सरकारको हुनुपर्ने हो । परिणामस्वरूप, हिजो गर्वले बुढी औँला देखाउने जनता आज अपमान र धोकाको प्रतीक स्वरूप 'माझी औँला' हेर्न अर्थात् उपेक्षित र तिरस्कृत हुन विवश छन् । यो भोटको राजनीति र जनताको चेतना बीचको सबैभन्दा ठूलो व्यङ्ग्य हो ।

**४. बादशाहको नयाँ वस्त्र र बौद्धिक दरिद्रता**

यो समाजमा विकृतिको ढाकछोप गर्नेहरूको ठूलो सञ्जाल छ । हंस क्रिस्चियन एण्डरसनको प्रसिद्ध कथा "बादशाहको नयाँ वस्त्र" (त्जभ रुउभचयच'क त्रभध ऋयितजभक) मा जस्तै, यहाँका शासकहरू नाङ्गै छन्, अर्थात् उनीहरूसँग कुनै ठोस योजना, नैतिकता वा मानवता छैन । देशका प्रधानमन्त्री नेपालले भारतको सिमा मिचेको भनेर अभिव्यक्ति दिँदा करताल बजाउने जिउँदा लासहरु सभामुखको अपमान भयो भनेर संसदबाट ती अभिव्यक्ति हटाउन उद्यत छन् । तर, उनीहरूका आसेपासे र अन्धभक्तहरू भने बादशाहले 'नयाँ र बहुमूल्य वस्त्र' लगाएको भन्दै वकालत र ढाकछोप गर्नमै व्यस्त छन् । तिनलाई सत्य ओकल्ने फुर्सद नै छैन । अर्कोतर्फ, विरोधी कित्तामा रहेकाहरूलाई भने सिर्जनात्मक आलोचना गर्नुभन्दा पनि शासकहरूलाई कसरी 'खुइल्याउने' र आफ्नो राजनीतिक दुनो सोझ्याउने भन्ने धुन छ । यो दुवै प्रवृत्ति देशका लागि घातक छ । समाजमा यस्ता मानिसहरूको कमी छैन जसले 'गरीबीलाई होइन, गरीबलाई नै आफ्नो दुश्मन' देख्छन् । हाम्रा शासक र प्रशासकहरूको मानसिकतामा यो सामन्ती जरो यति गहिरो गरी गाडिएको छ कि उनीहरू गरीब उन्मूलन गर्न होइन, गरीबकै अस्तित्व मेट्न उद्यत छन् । र, अचम्मको कुरा त के छ भने, यो अमानवीय मानसिकतालाई मलजल गर्ने र ताली पड्काउने अन्धभक्तहरूको संख्यामा पनि यहाँ कुनै कमी छैन । पात्रहरू परिवर्तन भए पनि प्रवृत्ति उही पुरा

**५. सुकुम्बासी बस्ती खाली गराउने ...मेयर शैली' र छद्मभेषी नीति**

वर्तमान सरकार र स्थानीय निकायहरूको काम गर्ने शैली झन् उदेकलाग्दो छ । सरकारले जनताको वास्तविक अपेक्षा, आवश्यकता र चाहना अनुसारका दीर्घकालीन योजना र कार्यक्रम लिएर सत्ता सञ्चालन गर्नुपर्ने हो । तर, व्यवहारमा भने सिंहदरबारले पनि 'मेयर शैली' (पपुलिजम र सस्तो लोकप्रियताका लागि बल प्रयोग गर्ने शैली) पछ्याउन थालेको छ ।

**होल्डिंग सेन्टरको चक्रव्यूह**

सुकुम्बासी (सुकु) बस्ती खाली गराउने नाममा राज्यले जुन नीति अख्तियार गरेको छ, त्यो निकै त्रुटिपूर्ण र कपटपूर्ण छ ।

१. कपटपूर्ण व्यवस्थापनः सुकुम्बासीलाई व्यवस्थित गर्ने भन्दै सुरुमा उनीहरूलाई ' होल्डिंग सेन्टर' मा लगेर थन्क्याइन्छ ।

२. अन्ततः लखेट्ने नीतिः निश्चित समयसम्म होल्डिंग सेन्टरमा बन्दी जस्तै बनाएर राखेपछि बिस्तारै उनीहरूलाई त्यहाँबाट पनि लखेट्ने र बेसहारा बनाउने प्रपञ्च रचिएको छ ।

यो कुनै वास्तविक समाधान होइन, बल्कि सुकुम्बासी बस्ती खाली गराई होल्डिंग सेन्टरमा व्यवस्थित गरेको 'साजिस' (षड्यन्त्र) मात्र हो । यस प्रकारका कदमहरूले नागरिकको न्यूनतम मानवीय संवेदना र बाँच्न पाउने अधिकारमाथि सिधै प्रहार गरिरहेका छन् । समाजको एकथरी सम्भ्रान्त वर्ग र अन्धभक्तहरू यस कदमको पक्षपोषणमा निमग्न छन्, यद्यपि यसको विरोध गर्ने विरोधीहरूको पनि यहाँ छैन ।

**६. सडकका श्रमजीवीमाथिका प्रहार र पठाओ चालकको विवाद**

गरीब लखेट्ने यो प्रवृत्तिको शृङ्खला निकै लामो छ । सडकमा आफ्नो गुजाराका लागि दुःख गर्ने निम्नवर्गीय श्रमजीवीहरूमाथि राज्य जहिले पनि क्रूर बन्ने गरेको छ ।

काफल बेचेर जीविकोपार्जन गर्नेका काफल फाल्ने,

श्रम गरेर खानेका टेम्पो गुल्ट्याउने,

फुटपाथ व्यापार व्यवस्थित गर्ने नाममा गरीब सडक व्यापारीहरूलाई लखेट्ने र सामान जफत गर्ने ।

यही क्रूर प्रवृत्तिको निरन्तरता र कडीको रूपमा हालैको पठाओ चालक परियारसँग जोडिएको घटनालाई हेर्न सकिन्छ ।

उनी वास्तवमै पठाओ,इनड्राइभ वा याँगो क्षेत्रमा संलग्न थिए वा थिएनन्, त्यो त एउटा गम्भीर र निष्पक्ष अनुसन्धानको विषय होला । तर, यहाँ आशंका के छ भने अमानवीयताको पराकाष्ठा पार गर्दै तीनै पठाओ क्षेत्रका व्यवसायी राज्य र सम्वन्धित निकायहरू घाइते वा पीडितलाई दिनुपर्ने उचित क्षतिपूर्तिको दायित्वबाट उम्किनका लागि उनीमाथिको अपनत्व लिन तैयार छैनन् । जिम्मेवारीबाट उम्किन खोजिरहेछन् । उनी तत्क्षेत्रमा 'असंलग्न थिए' भन्दै पन्छिन खोज्दै छन् । यो चरम अमानवीयता हो ।

**७. राजनैतिक दाउपेच र जिम्मेवारी पन्छाउने होडबाजी**

जब यस्ता विवाद र मानवीय संकटहरू सतहमा आउँछन्, तब नेपालका राजनीतिक दल र सरकारका मानिसहरू वास्तविक समस्या समाधान गर्नुको सट्टा राजनैतिक दाउपेचमा लाग्ने गर्छन् दवाव र दाउपेचको राजनीतिः केही मानिसहरू र विपक्षी दलहरू यस घटनालाई सरकारमाथि दवाव सिर्जना गर्ने र आफ्नो राजनैतिक रोटी सेक्ने हतियारको रूपमा प्रयोग गरिरहेका छन् ।

जिम्मेवारी पन्छाउने सरकारः अर्कोतर्फ, सरकारमा रहेका केही मानिसहरू र तिनका संयन्त्रहरू 'यो त स्थानीय सरकार (नगरपालिका/महानगरपालिका) को क्षेत्राधिकार हो', 'त्यहाँ कुन पार्टीको नेतृत्व छ' भन्दै दलगत राजनीति ल्याएर आफ्नो केन्द्रीय जिम्मेवारीबाट पन्छिन खोजिरहेका छन् ।

नागरिक सडकमा रगताम्मे हुँदा वा उसको उठीवास लाग्दा पनि शासकहरू 'स्थानीय सरकार' र 'केन्द्रीय सरकार' को दलगत ईगो (भ्नय) मा रुमल्लिनु लज्जास्पद विषय हो ।

**८. निष्कर्षः वाद र तन्त्रभन्दा माथि मानवताः**

सत्ता, शक्ति, राजनीतिक दल र तिनका दर्शनहरू (वाद वा तन्त्र) केवल माध्यम मात्र हुन्, साध्य होइनन् । चाहे त्यो लोकतन्त्र होस्, गणतन्त्र होस् वा समाजवाद–यदि त्यहाँ मानवीय संवेदना छैन भने ती सबै 'तन्त्र' हरू व्यर्थ छन् ।

मानवीयता भन्दा ठूलो कुरा कुनै बाद वा तन्त्र हुन सक्दैन

त्यसैले, राजनीतिक दाउपेच, अन्धभक्ति, र एकअर्कालाई खुइल्याउने खेल बन्द गरौँ । राज्यका सञ्चालकहरूले कम्तिमा पनि न्यूनतम मानवीय संवेदनशीलताको ख्याल राख्नैपर्छ । गरीब, असहाय र श्रमजीवी वर्गको आँसुमाथि उभिएर निर्माण गरिने कुनै पनि 'रामराज्य' दिगो हुन सक्दैन । अब त चेतौँ, र नागरिकको जीवन रक्षा तथा सम्मानलाई पहिलो प्राथमिकता दिऔँ । अस्तु !

आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP





*वैदेशिक रोजगार क्षेत्र यतिबेला अन्योलको स्थितिमा रहेको छ । सरकारले वैदेशिक रोजगार व्यवसायीमाथि कडाइ गर्दै लगातार कारबाही अगाडि बढाएपछि व्यवसायीहरु व्यवसाय नै बन्द गर्न लागिपरेका छन् । वैदेशिक रोजगार व्यवसायीहरुको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारलाई १५ दिने अल्टिमेटमसहितको ध्यानाकर्षणपत्र बुझाइसकेको छ । करिब डेढ महिनाअघि मात्र संघको नेतृत्वमा आएका डिकबहादुर खत्री व्यवसायीहरुको हितसँगै समग्र वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित बनाउने प्रतिबद्धताका साथ अगाडि बढेका छन् । बौद्धिक व्यवसायीका रुपमा परिचित उनी ओमेगा पावर माइन्ड्स प्रालिका सञ्चालकसमेत हुन् । खत्री शिक्षण पेसा गर्दैगर्दा वैदेशिक रोजगार व्यवसायमा आकर्षित भएको बताउँछन् । यो पेसामा प्रवेश गर्दादेखि नै यस क्षेत्रलाई सम्मानित बनाउन लागिपरेका खत्री मुलुकको अर्थतन्त्रमा योगदान पुऱ्याइरहेका व्यवसायीहरुमाथि वालेन्द्र सरकारले अपराधीसरह व्यवहार गरेको बताउँछन् । सरकारको व्यवहारका कारण व्यवसाय गर्न नसक्ने अवस्था सिर्जना भएको उनको भनाइ छ । अध्यक्ष खत्रीसँग वैदेशिक रोजगार व्यवसाय क्षेत्रको वर्तमान अवस्थाबारे प्रभावकर्मी ममता थापाले गरेको कुराकानी:*

# "अव्यावहारिक कानुन नबदलिए व्यवसाय बन्द गर्न बाध्य हुन्छौं"

**डिकबहादुर खत्री अध्यक्ष,**
**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

- व्यवसाय विगतदेखि नै अस्वस्थ भए पनि विगतमा कानुन परिपालना गराउने अड्डाहरू केही सहज थिए । हामीले लामो समयदेखि थिति बसाल्न कानुन संशोधन गरौं, पारदर्शी बनाउँ भन्दै आयौं । अहिले त्यही पुरानो थितिलाई टेकेर व्यवसाय गर्नसक्ने अवस्था छैन । त्यही भएर पनि अलिकति बिरामी छ, पेसा ।
- यही पेसाले करिब ४० लाख जनशक्तिलाई वैदेशिक रोजगारीमा व्यवस्थापन गरेको छ । ५० सालभन्दा पछाडि लगभग १६० खर्ब रेमिट्यान्स भित्र्याएर अर्थतन्त्र चलायमान बनायो, विदेशी मुद्रा सञ्चिति बढायो, सर्वसाधारण जनतालाई शिक्षा र स्वास्थ्यको पहुँचमा पुऱ्यायो । यो पेसाको योगदानका कुरालाई पनि सकारात्मक ढंगबाट जनमानसमा पुऱ्याउन सक्नुपर्छ ।
- वैदेशिक रोजगार व्यवसायीले राज्यले ल्याएका सबै नीतिहरू मानेर काम गरिरहेका हुन्छन् । व्यवसायीले गम्भीर भएर आफैं बुझ्नुपर्ने विषयचाहिँ संस्थागत सुशासन हो । श्रमिकको हित, संस्थागत-समाजिक उत्तरदायित्व, सामाजिक अनुपालनका सन्दर्भमा व्यवसायीले सोच्नपर्छ । सबैपक्षबाट श्रमिकको हित पहिलो प्राथमिकता हो तर हामी व्यवसायी भएकोले व्यवसाय गरिसकेपछि त्यसको प्रतिफल प्राप्त गर्नुपर्छ भन्ने पनि हो ।
- हामीले पुरानै ऐनका व्यवस्थाबाट व्यवसाय सञ्चालन गर्न सक्दैनौं भनेर स्पष्ट भनेका छौं । सरकारले सर्वपक्षीय सर्वस्वीकार्य ऐन र लागत निर्धारण गर्नुपर्छ । कमसेकम व्यवसायीले बाँच्नसक्ने सेवा शुल्क निर्धारण गरिनुपर्छ । त्यसो भए हामी व्यवसायी पनि अक्षरशः कानुन पालना गर्न तयार हुन्छौं ।
- हिजो सरकार अस्थिर थियो । त्यस कारण पनि कतिपय विषय सम्बोधन हुन सकेनन् होला । अहिलेको सरकार स्थिर छ । परिवर्तन चाहन्छ । पपुलिस्ट हुनमात्र निर्णय नगरी व्यावहारिक भएर निर्णय गर्छ भन्नेमा थोरै विश्वास छ ।

**अहिले यहााको व्यक्तिगत र व्यवसायको अवस्था कस्तो छ ?**

मलाई ठीकै छ । हामीले गरेको व्यवसायचाहिँ अलिक बिरामी हो कि भन्ने महसुस गरिरहेका छौं ।

**व्यवसायको स्वास्थ्य कहिलेदेखि खराब भयो ?**

व्यवसाय विगतदेखि नै अस्वस्थ भए पनि विगतमा कानुन परिपालना गराउने अड्डाहरु केही सहज थिए । हामीले लामो समयदेखि थिति बसाल्न कानुन संशोधन गरौं, पारदर्शी बनाउँ भन्दै आयौं । अहिले त्यही पुरानो थितिलाई टेकेर व्यवसाय गर्नसक्ने अवस्था छैन । त्यही भएर पनि अलिकति बिरामी छ, पेसा ।

**वैदेशिक रोजगार व्यवसाय अझै पनि सम्मानित पेसाको रुपमा स्थापित हुन सकेको छैन, शिक्षण पेसामा रहनुभएको यहााले किन यो पेसा रोज्नुभयो त ?**

पेसा सम्मानित छैन भन्दैमा नगर्ने भन्ने होइन । नागरिक तहदेखि सदनसम्म यसको आवश्यकता बुझाउन सक्नुपर्छ । २०५० सालयता हेर्दा वैदेशिक रोजगारीले राज्यलाई ठूलो योगदान पुऱ्याएको छ । यही पेसाले करिब ४० लाख जनशक्तिलाई वैदेशिक रोजगारीमा व्यवस्थापन गरेको छ । ५० सालभन्दा पछाडि लगभग १६० खर्ब रेमिट्यान्स भित्र्याएर अर्थतन्त्र चलायमान बनायो, विदेशी मुद्रा सञ्चिति बढायो, सर्वसाधारण जनतालाई शिक्षा र स्वास्थ्यको पहुँचमा पुऱ्यायो । यो पेसाको योगदानका कुरालाई पनि सकारात्मक ढंगबाट जनमानसमा पुऱ्याउन सक्नुपर्छ ।

यो पेसामा प्रवेश गर्नुअघि शिक्षण पेसामा थिएँ । शिक्षण पेसामा भएको व्यक्ति वैदेशिक रोजगारीमा आउँदा कसैले अस्वाभाविक पनि मान्नुभएको छ । तर तत्कालीन अवस्थामा वैदेशिक रोजगारीमा गएका मेरा समकक्षी साथीहरु भेट्दा उहाँहरुले वैदेशिक रोजगारीबाट गर्नुभएको प्रगति र आर्थिक उन्नतिका कथाहरु सुनाउनुहुन्थ्यो । अनि यो त सेवा प्रवाह गर्ने क्षेत्र रहेछ, अन्तर र्राष्ट्रिय सम्बन्ध विस्तारमा पनि महत्वपूर्ण भूमिका खेल्दो रहेछ भन्ने भएर यो पेसामा आएको हो । आएदेखि नै पेसा सम्मानित बनाउन संघर्ष गरिरहेको छु ।

**शिक्षण गरिरहेको व्यक्ति वैदेशिक रोजगार व्यवसायी बन्छु भन्दा परिवार तथा शुभचिन्तकको प्रतिक्रिया कस्तो थियो ?**

मैले पेसा परिवर्तन गर्छु भनेर गरिनँ । अचानक भयो । त्यही पनि घर परिवारमा सल्लाह गर्दा बुबाले सकेसम्म यो पेसा नगर, जे छ त्यसमै खुसी हुनुपर्छ भनेर गाइड गर्नुभएको थियो । तर पनि मलाई एक खालको हुटहुटी थियो । यो पेसा गरिसकेपछि मैले सुरक्षित गन्तव्यमा पुऱ्याएका श्रमिकहरु र उहाँहरुले गरेका उपलब्धि, आर्थिक उन्नति हेर्दाखेरी मैले पुण्य कर्म नै गरेँ भन्ने आत्मसन्तुष्टि छ ।

**वैदेशिक रोजगार व्यवसाय गर्न धेरै दबाब थाम्न सक्नुपर्छ भनिन्छ, कत्तिको प्रेसर आउाछ ?**

सबै मान्छे एकै खालका हुँदैनन् । १०० जना श्रमिकलाई एउटा रोजगारदाताकोमा पठाउँदा ९५ जना राम्ररी काम गर्ने र बाँकी पाँच जना विभिन्न कारणले फर्किएर आउनुभयो भने त्यो पाँच जनाको कुरा सबैतिर पुग्छ । तर, ९५ जनाको सफलताको कथा पुऱ्याइँदैन । यो पेसा सम्मानित नहुनुको पछाडि यो पनि कारणचाहिँ हो । त्यो पाँच जनाकोमात्र कुरा सर्वत्र सुनिने भएकाले त्यो प्रेसर निकै ठूलो हुने रहेछ ।

राज्य भनेको कमजोरको पक्षमा नै उभिने हो । तर कमजोरको पक्षमा उभिने भन्दै गर्दा नागरिक त बराबर हो । व्यवसाय सञ्चालन गर्ने र वैदेशिक रोजगारीमा जाने दुवै राज्यका नागरिक नै हुन् । त्यसकारण न्यायको सिद्धान्तलाई जहिले पनि हेरिनुपर्दछ ।

**कतिपय व्यवसायीले यो क्षेत्रमा नआएको भए हुने रहेछ भनेको पनि पाइन्छ, तपाईंलाई त्यस्तो लागेन ?**

मलाई कहिल्यै त्यस्तो महसुस भएन । स्वच्छ भावनाले सत्कर्म गर्ने हो । स्वच्छ भावनाले गरेको सत्कर्मले आत्मसन्तृष्टि नै दिन्छ । जानेर गल्ती नगर्नुहोस् । नजानेर या नचाहेर कहिलेकाहीँ हामीले गरेका कर्महरु नकारात्मकतातर्फ जान्छन् । त्यसको सम्पूर्ण दोषी वैदेशिक रोजगार व्यवसायी होइन ।

**व्यवसायी र श्रमिक एकअर्काका पूरक हुन् तर तपाईंहरु श्रमिकप्रति इमानदार हुनुहुन्न भनिन्छ नि ?**

वैदेशिक रोजगार व्यवसायीले राज्यले ल्याएका सबै नीतिहरु मानेर काम गरिरहेका हुन्छन् । व्यवसायीले गम्भीर भएर आफैं बुझ्नुपर्ने विषयचाहिँ संस्थागत सुशासन हो । श्रमिकको हित, संस्थागत-समाजिक उत्तरदायित्व, सामाजिक अनुपालनका सन्दर्भमा व्यवसायीले सोच्नपर्छ । सबैपक्षबाट श्रमिकको हित पहिलो प्राथमिकता हो तर हामी व्यवसायी भएकोले व्यवसाय गरिसकेपछि त्यसको प्रतिफल प्राप्त गर्नुपर्छ भन्ने पनि हो ।

**अहिले तपाईंहरु व्यवसाय नै बन्द गर्छौं भनिरहनुभएको छ, सरकारले माग सम्बोधन नगरे साािच्चकै बन्द गर्नुहुन्छ त ?**

हामीले पुरानै ऐनका व्यवस्थाबाट व्यवसाय सञ्चालन गर्न सक्दैनौं भनेर स्पष्ट भनेका छौं। सरकारले सर्वपक्षीय सर्वस्वीकार्य ऐन र लागत निर्धारण गर्नुपर्छ । कमसेकम व्यवसायीले बाँच्नसक्ने सेवा शुल्क निर्धारण गरिनुपर्छ । त्यसो भए हामी व्यवसायी पनि अक्षरशः कानुन पालना गर्न तयार हुन्छौं । तर हिजोकै व्यवस्थालाई नै टेकेर कानुन कार्यान्वयन गर्न उन्मुख हुने हो भने अब पेसा गर्न सक्ने अवस्था देखिँदैन । अहिलेको अवस्थामा एक महिना-दुई महिना कति हुन्छ व्यवसायीले आफ्नो पेसामा शून्यता प्रवेश गराउनुहुन्छ । सो अवधिलाई हामी शून्य समय मान्छौं । कारोबारहरु गर्दैनौं । श्रमिक पठाउन बन्द गर्छौं र ऐन संशोधनका लागि राज्यसँग सहकार्य गर्छौं ।

नयाँ ऐन नबन्दासम्म राज्यले पुरानै ऐनमा टेकेर काम गर्छ । व्यवसायीलाई मात्र कस्तो विशेष व्यवहार गर्नुपऱ्यो ?

हिजोका दिनमा अलिकति व्यावहारिकतालाई हेरिन्थ्यो । कानुन परिपालना गराउने वैदेशिक रोजगार विभाग अलिकति लचक थियो । अहिलेचाहिँ अक्षरशः कानुन पालन गराउँछु भनेर जसरी अगाडि बढेको छ त्यो सम्भव छैन भनेर हामीले भनेको हो । विभागबाट ५९८ वटा संस्थामाथि कारबाही गरिएको इतिहासमै पहिलोपटक हो । हिजो तीन वटा मन्त्रालयले गरेको निर्णय परिपालना गर्दा दण्डित हुनुपर्ने अवस्था आयो । विगतमा के भएको थियो भन्ने उदाहरणहरु हेरिनु त पर्छ होला नि ? जेसुकै होस् भनेर व्यवहार गरिरहँदा २०औं वर्षदेखि पेसा व्यवसाय सञ्चानल गर्दै आएका व्यवसायीले रोजगारदातासँग स्थापित गरेको सम्बन्ध बिग्रिएको छ । यो हतारोले क-कसलाई असर गऱ्यो भनेर राज्यले त हेरिदिनपऱ्यो होला नि । वैदेशिक रोजगार व्यवसायीहरु अपराधी नै हुन् भन्ने हिसाबले व्यवहार गर्ने सिलसिला चलिरहने हो भने नयाँ नीति नआउञ्जेलसम्म काम नगरे भइगयो ।

**विगतमा व्यवसायीलाई सहजीकरण गरिदिने विभागले अहिले किन यस्तो व्यवहार गरेको होला ?**

कार्यान्वयनको पक्ष कत्तिको दर्बिलो हुनसक्छ भन्ने अध्ययन नै नगरी गरिने निर्णयले अन्तत्वगत्वा सेवाग्राहीलाई नै असर पार्ने हो । २०७२ को 'फ्रि-भिसा, फ्रि-टिकट'ले त्यही भयो । २०७५ को केही नेपाल ऐन संशोधनले सेवाग्राहीलाई नै असर पाऱ्यो । सेवाग्राहीलाई असर पार्ने नीति नियम 'पपुलिस्ट' बन्न, 'स्टन्ट' गर्नका निम्ति ल्याइनु हुँदैन । ग्राउन्ड रियालिटी हेरेर, सरोकारवालासँग घनिभूत छलफल गरेर त्यसबाट आएको निचोडलाई ऐनमा व्यवस्थापन गर्न पाए पो दीर्घकालीन हुन्छ त । एक जना नेतृत्वमा आउने, आएपछि केही न केही गरेर देखाउनपऱ्यो भनेर जनताको ध्यान तान्ने खालको विषयवस्तु फालिदिने, त्यो कार्यान्वयन होस् नहोस्सँग मतलब नहुने परिपाटीबाट हामी लामो समयदेखि गुज्रेर आयौं । यो नै सबैभन्दा गलत पक्ष हो ।

**संघको नेतृत्व सम्हाल्नुभएको एक महिना भइसक्यो । चुनावका बेला गर्नुभएको बाचा पूरा गर्न के कसरी काम गर्दै हुनुहुन्छ ?**

हिजो सरकार अस्थिर थियो । त्यस कारण पनि कतिपय विषय सम्बोधन हुन सकेनन् होला । अहिलेको सरकार स्थिर छ । परिवर्तन चाहन्छ । पपुलिस्ट हुनमात्र निर्णय नगरी व्यावहारिक भएर निर्णय गर्छ भन्नेमा थोरै विश्वास छ । तर ढिला गर्न भएन । अहिले वैदेशिक रोजगार ऐन, २०६४ लाई संशोधन गर्ने काम भइरहेका छ । तर त्यहाँ पनि केही ढिलासुस्ती भएको देखिन्छ । यस्ता विषय राम्रोसँग छलफल भएपछि कार्यान्वयनमा ल्याउनपर्छ भन्ने हो । सेवा शुल्क व्यवस्थापनको विषयमा रोजगारीमा जान लाग्ने निश्चित शुल्क सबै जनतालाई थाहा दिएर त्यसलाई 'क्यासलेस' गराऔं । बजेट भाषणमा ल्याएको विनाधितो ऋण अर्थात् सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने विषयलाई कार्यान्वयनमा ल्याए एकाधिकार रोकिन्छ । यी कुरा राज्यले व्यवस्थित गरिदिनपर्छ भन्ने पाटोबाट हामीले छलफल गरिरहेका छौं ।

**साभार प्रभाव दैनिकबाट**

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP
वर्ष -१९, अंक- २,
२०८३ साल साउन १२ गते मंगलबार
28 JULY 2026, TUESDAY

# महालक्ष्मी विकास बैंक इन्डियन चेम्बर अफ कमर्सको प्रतिष्ठित अवार्डबाट सम्मानित




काठमाडौं- महालक्ष्मी विकास बैंक लिमिटेड इन्डियन चेम्बर अफ कमर्स, कोलकाता (भारत) द्वारा प्रदान गरिने प्रतिष्ठित अन्तर ाष्ट्रिय अवार्डबाट सम्मानित भएको छ। बैंकले 'उदीयमान तारा-विकास' विधाअन्तर्गत उक्त सम्मान प्राप्त गरेको हो ।

यो सम्मान २०२६ जुलाई २४ मा भारतको नयाँ दिल्लीमा आयोजित 'चौथो उदीयमान एसिया बैंकिङ सम्मेलन तथा अवार्ड समारोह' मा प्रदान गरिएको हो । बिमस्टेक क्षेत्रकै प्रतिष्ठित बैंकिङ सम्मेलन तथा अवार्ड कार्यक्रममा भारत, नेपाल, श्रीलङ्का, बंगलादेश र म्यानमारका विभिन्न बैंकहरूको सहभागिता रहेको थियो ।

डिजिटल बैंकिङ सेवाको विस्तार, नवीन वित्तीय उत्पादनहरूको विकास, व्यवसाय विस्तार, वित्तीय पहुँच अभिवृद्धि तथा उत्तरदायी बैंकिङ क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गरेबापत महालक्ष्मी विकास बैंक उक्त सम्मानबाट सम्मानित भएको हो । यसअघि पनि बैंकले गत वर्ष 'सम्पत्ति गुणस्तर' विधाअन्तर्गत यही प्रतिष्ठित अवार्ड प्राप्त गरेको थियो । लगातार दुई वर्ष अन्तर्राष्ट्रिय सम्मान प्राप्त गर्न सफल भएको बैंकले यस उपलब्धिले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो पहिचान, विश्वसनीयता र प्रतिष्ठा अझ सुदृढ हुने विश्वास व्यक्त गरेको छ ।

'सबल बैंक, सफल सहकार्य' भन्ने नारालाई आत्मसात् गर्दै आएको महालक्ष्मी विकास बैंकले देशभरका ग्राहकलाई अत्याधुनिक, सुरक्षित, सहज तथा गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ । प्रविधिमैत्री बैंकिङ सेवाको विस्तार गर्ने क्रममा बैंकले हालै काठमाडौं महानगरपालिका-३०, ज्ञानेश्वरमा कफी लाउञ्जसहितको अत्याधुनिक डिजिटल सेवा केन्द्र सञ्चालनमा ल्याएको छ। बैंकले आगामी दिनमा पनि नवीन प्रविधिमा आधारित सेवा विस्तार गर्दै ग्राहकलाई अझ प्रभावकारी र सहज बैंकिङ अनुभव प्रदान गर्ने प्रतिबद्धता जनाएको छ ।

# सरकारलाई एनसेलको पत्र




काठमाडौं- एनसेलले विवाद चाँडै समाधान गरिदिन सरकारलाई बुधबार पत्र लेखेको छ ।

सर्वोच्च अदालतले सरकारलाई कानुन अनुसार गर्नु गराउनु भन्ने आदेश दिएसँगै एनसेलले विवाद सुल्झाउन प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयलाई दोस्रो पटक पत्र लेखेको हो ।

'एनसेलको मुख्य कम्पनीको सेयर खरिद बिक्री तथा सोको नेपाली कानुन अनुसार अभिलेख र स्वीकृति सम्बन्धमा सरकारबाट २०८० फागुन ६ मा भएको कानुन विपरीतको निर्णय, त्यो निर्णयका आधारमा अनुमतिपत्र नवीकरणका समयमा नेपाल दूरसञ्चार प्राधिकरणबाट तोकिएको अन्यायपूर्ण सर्त, दूरसञ्चार नियमावली २०५४ भएको पश्चात्दर्शी दशौं संशोधन र मन्त्रिपरिषद्को २०८१ भदौ १३ को निर्णय समेत कानुन सम्मत नभएको र उल्लेखित निर्णयका कारण नेपालको संविधानप्रदत्त मौलिक हकमा प्रत्यक्ष प्रतिबन्ध लाग्ने अवस्था सिर्जना भई प्रचलित विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ समेतको विपरीत हुने गरी गरिएको निर्णयले समग्र विदेशी लगानी तथा दूरसञ्चार क्षेत्रको हितमा नरहेकोले उल्लेखित निर्णयहरु नियमावलीको व्यवस्थालाई पुनरवलोकन गरी सम्बन्धित निकायहरुलाई निर्देशन जारी गरी पाउन तहाँ प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यलयमा २०८२ पुस २३ मा निवेदन गरिएकोमा हालसम्म कुनै निर्णय निर्देशन प्राप्त हुन नआएको हुँदा उक्त पत्र यसैसाथ संलग्न गरी पुनः निवेदन बमोजिम पुनरवलोकन गरी सम्बन्धित निकायलाई निर्देशन दिन अनुरोध गर्दछौं,' पत्रमा भनिएको छ । सरकारको निर्णय र त्यसका आधारमा प्राधिकरणले तोकेको सर्तका कारण एनसेलमा भएको विदेशी लगानीको भविष्य, कम्पनीले प्रदान गर्दै आएको दूरसञ्चार सेवाको निरन्तरता र समग्र लगानीको वातावरणमा प्रतिकूल असर परी कम्पनी सञ्चालनमा समेत नकारात्मक प्रभाव पर्न गई कम्पनीको भविष्यमाथि नै प्रश्नचिन्ह खडा भएको एनसेलले बताएको छ ।

# आइसिसी इमर्जिङ एसिया बैंकिङ अवार्डमा नबिल बैंकलाई बेस्ट कमर्सियल बैंक (नेपाल) सम्मान




काठमाडौं । नबिल बैंकले 'बेस्ट कमर्सियल बैंक (नेपाल)' अवार्ड प्राप्त गरेको छ । इन्डियन चेम्बर अफ कमर्स (आइसिसी)ले शुक्रबार भारतको नयाँ दिल्लीमा आयोजना गरेको 'चौथो इमर्जिङ एसिया बैंकिङ कन्क्लेभ एण्ड अवार्डस्, २०२६' मा बैंकका सञ्चालक मलय मुखर्जीले उक्त अवार्ड ग्रहण गरेका हुन् ।

बैंकले ग्राहकको विश्वास, कर्मचारीको समर्पण तथा सरोकारवालाहरूको निरन्तर सहयोगको प्रतिफलस्वरूप यो अवार्ड प्राप्त भएको जनाएको छ ।

यसले बैंकिङ सेवा र नवप्रवर्तनलाई थप सुदृढ बनाउन प्रेरणा दिने बैंकको भनाइ छ। बैंकका कायममुकायम प्रमुख कार्यकारी अधिकृत भूपेन्द्र पाण्डेले उक्त अवार्ड पाउँदा निकै खुसी लागेको बताए ।

"बैंक फेरि एकपटक प्रतिष्ठित अवार्डबाट सम्मानित भएको छ, हामीलाई निरन्तर साथ, सहयोग र हौसला प्रदान गर्ने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु", उनले भने । यस अवार्डमा नेपालसहित भारत, भुटान, श्रीलङ्का, म्यानमार, थाइल्यान्ड र बङ्गलादेशका बैंकहरू सहभागी थिए । आइसिसी भारतको उद्योग र वाणिज्य क्षेत्रको अग्रणी संस्था हो । भारतका प्रमुख व्यावसायिक समूहहरू आबद्ध रहेको यस संस्थाले देशभित्र र अन्तर ाष्ट्रिय स्तरमा व्यावसायिक गतिविधि विस्तार गर्ने उद्योग तथा व्यवसायको प्रतिनिधित्व गर्दै आएको छ ।

नबिल बैंकले हालसालै तीनवटा प्रतिष्ठित अन्तर्राष्ट्रिय अवार्ड पनि प्राप्त गरेको थियो । बैंकले युरोमनी अवाड्र्स फर एक्सेलेन्सअन्तर्गत 'नेपाल्स बेस्ट बैंक', 'नेपाल्स बेस्ट बैंक फर ईएसजी' र 'नेपाल्स बेस्ट बैंक फर एसएमई' उपाधि प्राप्त गरेको थियो । बैंकको सुदृढ वित्तीय अवस्था, ग्राहककेन्द्रित सेवा, डिजिटल बैंकिङमा नेतृत्व तथा समग्र बैंकिङ उत्कृष्टताका लागि उक्त अवार्डबाट सम्मानित गरिएको थियो ।

नबिल बैंक निजी क्षेत्रको एक अग्रणी वाणिज्य बैंक हो । यस बैंकले २६ लाखभन्दा बढी ग्राहकलाई देशभर रहेका २६४ शाखा सञ्जाल र ३१५ एटीएम मेसिनमार्फत सेवा प्रदान गर्दै आएको छ ।

चार दशकदेखि गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आएको बैंकले हालसालै ग्राहक, समुदाय र समग्र देशको अर्थतन्त्रका लागि समावेशी र समृद्ध भविष्य निर्माण गर्ने उद्देश्यसाथ 'बैंकिङ एण्ड बियोन्ड' अवधारणालाई अझ सशक्त रूपमा अगाडि बढाएको छ ।

# सानिमा बैंकको नाफा तीन अर्ब नाघ्यो




काठमाडौं । सानिमा बैंकले गत आर्थिक वर्ष २०८२-८३ मा तीन अर्ब ५५ करोड रूपैयाँ नाफा कमाएको छ । गत आर्थिक वर्ष २०८१-८२ मा बैंकले दुई अर्ब ५७ करोड नाफा कमाएको थियो । यो रकम ३८ प्रतिशतले बढेको हो ।

खुद ब्याज आम्दानी, अन्य आम्दानी बढेपछि र प्रावधान रकम घटेपछि नाफामा उलेख्य सुधार भएको हो । बैंकको खुद ब्याज आम्दानी ६ अर्ब ३५ करोडबाट बढेर ६ अर्ब ९९ करोड पुगेको छ ।बैंकले फि, कमिसन र अन्य आम्दानीबाट दुई अर्ब ७४ करोड कमाएको छ ।

यसअघि एक अर्ब ८८ करोड प्रावधान राखेकोमा यसपटक भने एक अर्ब सात करोड मात्रै यस्तो प्रावधान राखेको छ ।बैंकको कुल कर्जा ११.१९ प्रतिशतले बढेर दुई खर्ब तीन अर्ब रूपैयाँ र कुल निक्षेप १०.८४ प्रतिशतले बढेर दुई खर्ब ४९ अर्ब रूपैयाँ पुगेको छ ।

बैंक पुँजी कोष अनुपातको आधारमा सहज अवस्थामा छ ।नियामक निकायले यस्तो अनुपात ११ प्रतिशत हुनुपर्ने व्यवस्था गरेकोमा बैंकको यो अनुपात १३.१० प्रतिशत छ ।त्यस्तै, प्राथमिक पुँजीको आधारमा यस्तो अनुपात कम्तीमा ८.५ प्रतिशत हुनुपर्नेमा यो १०.१७ प्रतिशत छ ।

बैंकको निष्क्रिय कर्जा ३.०१ बाट घटेर २.८७ प्रतिशतमा सीमित भएको छ । यसको प्रतिसेयर आम्दानी १८.९४ प्रतिशतबाट बढेर २५.७५ प्रतिशत र सेयरमा प्रतिफल १.७० प्रतिशतबाट बढेर १४.३९ प्रतिशत पुगेको छ ।

बैंकले गत आर्थिक वर्षको नाफाबाट २०.८५ प्रतिशत लाभांश वितरण गर्न सक्ने क्षमता देखाएको छ ।यसले वितरणयोग्य नाफाबाट अग्राधिकार सेयरले पाउनुपर्ने ब्याज घटाएको हो होइन भनेर खुलाएको छैन ।

दुई अर्ब रूपैयाँको अग्राधिकार सेयर जारी गरेकोले बैंकले यसमा १६ करोड ५० लाख रूपैयाँ ब्याज दिनुपर्ने हुन्छ । यदी लाभांश वितरण क्षमतामा ब्याज नघटाएको भए बैंकले दुई अर्ब ६६ करोड रूपैयाँ मात्रै बाड्न सक्छ । यो भनेको चुक्ता पुँजीको आधारमा १७ प्रतिशतभन्दा केही बढी हो । यो दरमा मात्रै लाभांश वितरण गर्न सक्छ

# होङ्शी शिवम् सिमेन्टको आम्दानी १०.३१ अर्ब




काठमाडौं- होङ्शी शिवम् सिमेन्टले गत आर्थिक वर्ष २०८२र,८३ को ९ महिनामा १० अर्ब ३१ करोड ८० लाख रुपैयाँ सञ्चालन आम्दानी गरेको छ ।

कम्पनीले आर्थिक वर्ष २०८१ र ८२ मा १३ अर्ब २४ करोड ३० लाख रुपैयाँ सञ्चालन आम्दानी गरेको थियो, जुन अघिल्लो आर्थिक वर्षको १० अर्ब ९६ करोड ७० लाख रुपैयाँको तुलनामा २०.७५ प्रतिशत अर्थात् २ अर्ब २७ करोड ६० लाख रुपैयाँ बढी हो ।

यसअघि कम्पनीले आर्थिक वर्ष २०७९र ८० मा १३ अर्ब ४ करोड ३० लाख रुपैयाँ, आव २०७८र७९ मा १६ अर्ब २० करोड ८० लाख रुपैयाँ, आव २०७७र ७८ मा १७ अर्ब ४५ करोड ७० लाख रुपैयाँ, आव २०७६र७७ मा १३ अर्ब ३७ करोड १० लाख रुपैयाँ तथा आव २०७५र७६ मा १३ अर्ब ४८ करोड ४० लाख रुपैयाँ आम्दानी गरेको थियो ।

सुधारिएको बिक्री मूल्य (रियलाइजेसन) का कारण कम्पनीको सञ्चालन आम्दानी आर्थिक वर्ष २०८१र८२ मा करिब २१ प्रतिशतले बढेको थियो । त्यस्तै, आर्थिक वर्ष २०८२र८३ को ९ महिनामा पनि आम्दानीमा १८ प्रतिशत वृद्धि भएको कम्पनीले जनाएको छ । बिक्री मूल्यमा सुधार तथा विद्युत् र इन्धन खर्च घटेका कारण सञ्चालन नाफा मार्जिन पनि ९ महिनामा करिब ३१ प्रतिशत पुगेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा २४ प्रतिशत थियो ।

नवलपरासीको बिनयी त्रिवेणी गाउँपालिकामा रहेको होङ्शी शिवम् सिमेन्ट नेपालकै सबैभन्दा ठूलो एकीकृत ग्रीनफिल्ड सिमेन्ट उद्योग हो । कम्पनीको वार्षिक उत्पादन क्षमता २० लाख मेट्रिक टन क्लिंकर र २३ लाख मेट्रिक टन सिमेन्ट रहेको छ । कम्पनीले 'होङ्शी' ब्रान्डअन्तर्गत अर्डिनरी पोर्टल्याण्ड सिमेन्ट र पोर्टल्याण्ड पोजोलाना सिमेन्ट उत्पादन तथा बिक्री गर्दै आएको छ ।

२०१५ सेप्टेम्बरमा स्थापना भएको कम्पनीमा हङकङ रेड लायन सिमेन्ट नं.३ लिमिटेडको ७० प्रतिशत र शिवम् होल्डिङ्स लिमिटेडको ३० प्रतिशत स्वामित्व रहेको छ । चीनको अग्रणी सिमेन्ट उत्पादकमध्ये एक मानिने हङकङ रेड लायन समूहले चीनमा करिब ५० वटा ठूला सिमेन्ट उद्योग सञ्चालन गर्दै आएको छ भने लाओस, इन्डोनेसिया र म्यानमारमा पनि यसको उपस्थिति छ । शिवम् होल्डिङ्स, शिवम् सिमेन्ट्स लिमिटेडको करिब ८५ प्रतिशत स्वामित्व रहेको सहायक कम्पनी हो । कम्पनीका अनुसार गत आर्थिक वर्षको ९ महिनासम्म स्वीकृत कर्जा सीमाभित्र करिब २३ प्रतिशत अतिरिक्त कर्जा उपयोग गर्ने क्षमता रहेको थियो । साथै, कम्पनीसँग करिब ३ अर्ब २० करोड रुपैयाँ नगद मौज्दात रहेकाले खुद ऋणको स्तर न्यून रहेको जनाएको छ । कम्पनीले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट ६ अर्ब रुपैयाँ लिएको छ ।

यद्यपि, नियामकीय स्वीकृतिसन्मा ढिलाइ र भावी लगानी योजनाका कारण पछिल्ला दुई आर्थिक वर्षका करिब १ अर्ब ५० करोड रुपैयाँ बराबरको लाभांश वितरण हुन बाँकी छ । तर, आर्थिक वर्ष २०८१र८२ मा लाभांश वितरण अनुपात खुद नाफाको करिब ४३ प्रतिशतमा सीमित रहेको कम्पनीले जनाएको छ। अघिल्ला दुई वर्षमा यो औसत २९६ प्रतिशत पुगेको थियो ।

कम्पनीका अनुसार आर्थिक वर्ष २०८२र८३ को ९ महिनामा क्लिंकर बिक्रीको शतप्रतिशत तथा सिमेन्ट बिक्रीको करिब ३५ प्रतिशत हिस्सा शीर्ष १० ग्राहकबाट आएको थियो । सीमित ग्राहकमा उच्च निर्भरताका कारण कर्जा असुली र व्यापार नवीकरणसम्बन्धी जोखिम कायम रहेको कम्पनीले जनाएको छ ।

त्यसैगरी, कुल बिक्रीमा क्लिंकरको योगदान पनि घट्दै गएको छ । आर्थिक वर्ष २०७८/७९ मा करिब ४० प्रतिशत रहेको क्लिंकरको हिस्सा घटेर आर्थिक वर्ष २०८२/८३ को ९ महिनामा २७ प्रतिशतमा झरेको छ ।

आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



रामेछाप डायरी

## एक वर्षमा रामेछाप नगरपालिकाको वित्तीय प्रगति ६८.७ प्रतिशत



ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लिमिटेड, शाखा कार्यालय रामेछापले सदस्य मृत्यु राहत तथा कर्जा मिनाहा कार्यक्रम आयोजना गरी मृतक सदस्यका परिवारलाई रु. २ लाख २५ हजार बराबरको राहत तथा बीमा दाबी रकम हस्तान्तरण गरेको छ ।

संस्थाको केन्द्र नं. ००८.० ९२.०३.२ की सदस्य अमृत माया मगरको असामयिक निधनपछि उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्दै सदस्य राहत सुविधा तथा बीमा दाबीबापतको रकम उहाँका हकवाला दल बहादुर मगरलाई हस्तान्तरण गरिएको हो ।

कार्यक्रममा शाखाका कर्मचारी अनुप ढुङ्गानाले मृतक सदस्यले संस्थाबाट लिएको कर्जा, संस्थासँग रहेको वित्तीय कारोबार तथा कर्जा मिनाहा प्रक्रियाबारे जानकारी गराउनुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा रामेछाप शाखाका शाखा प्रमुख बिमल अधिकारीले सदस्यहरूको आर्थिक तथा सामाजिक सुरक्षामा बीमाको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै संस्थाले सञ्चालन गर्दै आएका विभिन्न वित्तीय, सामाजिक सुरक्षा तथा सदस्यहितका कार्यक्रमबारे जानकारी दिनुभयो । उहाँले नियमित बचत, जिम्मेवार कर्जा उपयोग तथा बीमाको महत्वलाई आत्मसात् गरी संस्थासँग निरन्तर सहकार्य गर्न सदस्यहरूलाई आग्रह गर्नुभयो ।

शाखा प्रमुख अधिकारीले संस्थाले सदस्यहरूको आर्थिक उन्नयन, आत्मनिर्भरता र सामाजिक सुरक्षाका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको बताउँदै आगामी दिनमा पनि यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमको समापनमा केन्द्र प्रमुख मन्दिरा राई, केन्द्रका भद्रभलाद्मी, शाखाका कर्मचारी अनुप ढुङ्गाना तथा शाखा प्रमुख बिमल अधिकारीको संयुक्त उपस्थितिमा मृतक सदस्यका हकवाला दल बहादुर मगरलाई रु. २ लाख २५ हजार बराबरको चेक हस्तान्तरण गरिएको थियो ।

सहयोग रकम ग्रहण गर्दै परिवारजनले दुःखद् परिस्थितिमा संस्थाबाट प्राप्त सहयोगले ठूलो राहत पुगेको बताउँदै ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लिमिटेडप्रति आभार व्यक्त गरेका थिए । शोकको घडीमा सदस्य परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दै संस्थाले सदस्य हित, सामाजिक सुरक्षा र मानवीय सेवाप्रतिको आफ्नो प्रतिबद्धतालाई पुनः दोहोऱ्याएको जनाएको छ ।

### सुनसरीको कप्तानगन्जमा कर्फ्यु तोड्दै विरोध प्रदर्शन

## छानबिनका लागि सहसचिव थापाको संयोजकत्वमा ५ सदस्यीय समिति

काठमाडौं- सुरक्षाकर्मीको गोली लागेर एक जनाको मृत्यु भएपछि अशान्त बनेको सुनसरीको कप्तानगन्ज र आसपासको क्षेत्र अत्यधिक तनावग्रस्त बनेको छ । स्थिति नियन्त्रणबाहिर जान नदिन स्थानीय प्रशासनले कर्फ्यु आदेश जारी गरे पनि आक्रोशित स्थानीय बासिन्दाले कर्फ्यु उल्लङ्घन गर्दै सडकमा उत्रिएर तीव्र विरोध प्रदर्शन गरिरहेका छन् ।

प्रदर्शनकारीहरूले कप्तानगन्ज क्षेत्रमा बिहानैदेखि टायर बालेर नाराबाजी गर्नुका साथै पूर्व-पश्चिम राजमार्ग समेत पूर्ण रूपमा अवरुद्ध पारेका छन् । राजमार्ग ठप्प हुँदा सर्वसाधारण यात्रुहरू बिचल्लीमा परेका छन् भने लामो तथा छोटो



दूरीका सयौं सवारीसाधनहरू बीच बाटोमै रोकिएका छन् । स्थिति साम्य पार्न व्यापक मात्रामा सुरक्षाकर्मी परिचालन गरिए पनि स्थानीयको प्रदर्शन रोकिएको छैन ।

यसैबीच, सरकारले सुनसरी घटनाको सत्यतथ्य छानबिन गरी प्रतिवेदन पेस गर्न पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ । गृह मन्त्रालयले सहसचिव भुपेन्द्र थापाको संयोजकत्वमा उक्त समिति गठन गरेको हो । समितिलाई घटनाको निष्पक्ष छानबिन गरी एक हप्ता (७ दिन) भित्र मन्त्रालयसमक्ष प्रतिवेदन बुझाउन कार्यादेश (टीओआर) दिइएको छ ।

घटनापछि विकसित परिस्थितिको समीक्षा गर्न र सुरक्षा व्यवस्था सुदृढ बनाउन गृहमन्त्रालयले केन्द्रीय सुरक्षा समितिको बैठकसमेत बोलाएको छ । सुरक्षाकर्मीको गोली लागेर सर्वसाधारणको ज्यान गएपछि आक्रोशित बनेका स्थानीयले दोषीमाथि कडा कारबाही, पीडित परिवारलाई उचित क्षतिपूर्ति र शान्ति सुरक्षाको ग्यारेन्टी हुनुपर्ने माग राख्दै आन्दोलन जारी राखेका छन् ।

## जगेडा ग्यास नराख्न उद्योगीको आग्रह

चितवन । नेपाल एलपी ग्यास उद्योग सङ्घले उपभोक्तालाई आवश्यकताभन्दा बढी जगेडा नगर्न आग्रह गरेको छ । सङ्घका अनुसार ग्यासको आयात र आपूर्ति नियमित रहे पनि जगेडाका सिलिन्डर एकैपटक भर्न ल्याइएकाले अस्थायी अभाव देखिएको हो ।

नेपाल एलपी ग्यास उद्योग सङ्घका अध्यक्ष दिवान चन्दका अनुसार भारतबाट आउने ग्यासको मात्र घटेको छैन । विगतका तुलनामा १०० बुलेट हाराहारी दैनिक ग्यास आपूर्ति भइरहेको छ । उनले भने, 'पहिले नेपाल आयल निगमले जति ग्यास ल्याउँथ्यो र हामी दिन्थ्यो, सोही परिमाणमा अहिले पनि आपुति



भइरहेको छ ।'

उनका अनुसार उपभोक्ताहरुले ग्यास जगेडामा राख्न थालेपछि बजारमा अभाव देखिएको हो । उनले उपभोक्ताले अतिरिक्त ग्यास मौज्दात नराख्ने हो भने अहिले देखिएको समस्या समाधान हुने बताए ।

एलपी ग्यास उद्योग सङ्घका सदस्य विमल कालाखेती आफूहरुले छिट्टै पूरा भरिएको सिलिन्डर दिन सुझाएको भए पनि ढिला हुँदा त्यसको प्रभाव अहिले आएको बताउँछन् । सामान्य अवस्थामा जति आवश्यक पर्थ्यो त्यति ग्यास आइरहेकाले समस्या नहुने उनको भनाइ छ ।

हाल बजारमा एक करोड ५० लाख थान सिलिण्डर छन् । जसमध्ये ५० लाख सिलिण्डर ग्यास डिपोसँग छन् । सरकारले गत फागुन २८ गतेदेखि आधा सिलिण्डर ग्यास वितरण सुरु गरेको थियो । हाल नेपालमा ५९ वटा एलपी ग्यास उद्योग छन् । रासस

## प्रचण्डको टिप्पणी– सामाजिक सञ्जालको अफिमले नेपाली जनतालाई लठ्ठ पारिएछ

काठमाडौं । नेपाली कम्युनिस्ट पार्टी(नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले चिनियाँ अफिम युद्धजस्तै साम्राज्यवादीले नेपाली जनतालाई सामाजिक सञ्जालको अफिमबाट लठ्ठ पारेको टिप्पणी गरेका छन् । शुक्रबार पुष्पलाल मित्रता केन्द्रको कार्यक्रममा बोल्दै प्रचण्डले यस्तो टिप्पणी गरेका हुन् ।

'साम्राज्यवादीहरूले चीनको प्राकृतिक स्रोतसाधन कसरी लुट्ने भन्दा त्यहाँका जनतालाई अफिमको लत बसाइदिने,' प्रचण्डल चीनको घटना भन्दै अगाडि भने, 'आम रूपमा जनतालाई अफिम खुवाएर लठ्ठ पारेपछि केको राष्ट्रिय स्वाधीनता, केको क्रान्ति, केको परिवर्तन ! केही गर्नुपरेन अनि साम्राज्यवादीले चीनको स्रोतसाधन आफ्नो कब्जामा पार्थे ।'

यसपटक नेपालमा चीनको त्यही घटना दोहोरिएको उनको टिप्पणी थियो ।

'यो पटक नेपाली जनतालाई पनि अफिम खुवाएछन् । मैले जनताको अपमान गर्न खोजेको होइन, कस्तो सोसियल मिडियाबाट अल्गोरिदिमिक मेनुपुलेसन जो भन्ने गर्छौं त्यो अफिमै हो । लठ्ठ पारिदिए सबैलाई,' प्रचण्डले भने ।

अब नेपालमा पनि अफिम युद्ध चलाउनुपर्ने आवश्यकता



भएको प्रचण्डले टिप्पणी गरे । उनले भने, 'हामीले अफिम युद्ध चलाउनुपर्ने भयो । अब अर्को उपाय भएन । जुनदिन अफिमको नसाबाट चिनियाँ जनता मुक्त भएपछि क्रान्ति अगाडि बढ्यो यहाँ पनि सोसियल मिडियाको अफिमबाट नेपाली युवालाई दुरुस्त पार्न सक्यौं भने युवाले राष्ट्रलाई स्वाधीनताका निम्ति बलिदान गर्ने आँट गर्छन् । त्यो काम गर्नुपर्नेछ । गर्नैपर्छ ।'

## गुप्तचर प्रधानमन्त्री मातहत नराख्न नेकपाको माग

काठमाडौं- नेपाली कम्युनिस्ट पार्टीले राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री मातहत नराख्न माग गरेको छ । गृह मन्त्रालय अन्तर्गत राख्न भन्दै नेकपाका सांसदहरूले सम्बन्धित विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहत ल्याइएको गुप्तचरलाई कानुनमा समेटिन सरकारले नेपाल विशेष सेवा ऐन २०४२ लाई संशोधन गर्ने गरी विधेयक ल्याएको छ ।

यसअघि पछिल्लो पटक नेपाल सरकार कार्य विधाजन नियमावली २०८३ मार्फत गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री कार्यालय मातहत ल्याइएको थियो ।

कार्य विभाजन नियमावलीमार्फत गरिएको संशोधनलाई कानुनी मान्यता दिन ल्याइएको विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्दै नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलाल र सांसद गणेशबहादुर विश्वकर्माले गुप्तचरलाई गृह मन्त्रालय अन्तर्गत राख्न भनेका हुन् । सांसद गणेश बहादुर विश्वकर्माले सेवा सम्बन्धी कार्य सञ्चालन गर्न नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय अनुसन्धान विभागको स्थापना हुनेछ भनेर ऐनमा लेख्ने प्रस्ताव राखेका छन् ।

सांसद युवराज दुलालले संशोधन प्रस्तावम लेखेका छन्, 'नेपाल विशेष सेवा ऐन २०४२ को दफा ४(१) मा रहेका 'सेवा सम्बन्धी कार्य सञ्चालन गर्न' भन्ने शब्दहरू पछि 'प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय' भन्ने शब्दहरू हटाई 'गृह मन्त्रालय ' भन्ने शब्दहरू राखुपर्ने ।'

अर्थात् प्रधानमन्त्री मातहत गुप्तचर रहने प्रावधान विधेयकबाट हटाएर गृह मन्त्रालय मातहत राख्ने गरी प्रस्तावित विधेयक संशोधन गर्नुपर्ने उनको माग रहेको छ ।

यसअघि पटक-पटक राष्ट्रिय अनुसन्धान विभाग कहिले गृहमन्त्रालय त कहिले प्रधानमन्त्री कार्यालय मातहत रहने गरी सार्ने काम भएको छ ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ को उपदफा (१) मा केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७५ मार्फत संशोधन गरेर राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत राखेका थिए ।

## मुख्यमन्त्री फेर्ने भए सचिवालयबाटै निर्णय गर्नुपर्छ : हिक्मत कार्की

काठमाडौं । कोशीका मुख्यमन्त्री हिक्मत कार्कीले सम्भावित राजनीतिक संकट रोक्न नयाँ सरकारको कोर्समा लाग्न नहुने अडान लिएका छन् ।

कांग्रेससँगको सत्ता सहकार्य टुटेपछि सातै प्रदेश सरकार फेर्नेगरी एमालेले नेपाली कम्युनिष्ट पार्टीसँग तीन बुँदे सहमति गरेको छ । अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक प्रचण्डबीच भएको सहमति बमोजिम कोशी सरकारको नेतृत्व एमालेले नै गर्नेछ ।

तर ओलीले मुख्यमन्त्री फेर्ने संकेत गरेका छन् । नेताहरूका अनुसार, प्रदेश संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउने तयारी भइरहेको छ ।

'दलको उपनेतालाई मुख्यमन्त्री बनाउनेगरी छलफल गरिरहनु भएको छ,' कोशीका एक नेताले भने । ताप्लेजुङ-१ (क) बाट निर्वाचित मेन्याङ्बोलाई मुख्यमन्त्री बनाएर ओलीले फेरि पार्टीभित्र आफ्नो प्रभाव स्थापित गराउन चाहेको देखिन्छ । तर मुख्यमन्त्री कार्कीले ओलीको चाहना अनुसार राजीनामा नगर्ने अडान लिएका छन् । संविधानको धारा १६८ (५) बमोजिम मुख्यमन्त्री बनेका कार्कीले आफ्नो राजीनामाले राजनीतिक संकट आउनसक्ने तर्क गरेका छन् ।


'संसदीय दलको नेताका हैसियतले भन्दा पनि उपधारा ५ बमोजिम बहुमत सांसदहरूको स्वतन्त्र हस्ताक्षरबाट मुख्यमन्त्री बनेकाले मैले राजीनामा दिँदा संवैधानिक संकट आउँछ,' कार्कीले आफू निकटस्थलाई भन्ने गरेका छन् । यो उपधारा बमोजिम बन्ने मुख्यमन्त्रीलाई विश्वासको मत दिदा दलीय ह्वीप समेत नलाग्ने सर्वोच्च अदालतको आदेशलाई पनि ध्यान दिनुपर्ने उनको तर्क छ ।

स्रोतका अनुसार, एक साता अघि मात्रै ओलीलाई भेटेका मुख्यमन्त्री कार्कीले यसतर्फ सचेत गराइसकेका थिए । तर ओली मुख्यमन्त्री फेर्ने अडानमै छन् ।

'पार्टी पुनगर्ठनको पक्षमा उभिनेहरूविरुद्ध निर्मम बनेको सन्देश दिन पनि मुख्यमन्त्री फेर्ने अडानमा केपी ओली उभिनु भएको छ,' स्रोत भन्छ ।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP
वर्ष -१९, अंक- २,
२०८३ साल साउन १२ गते मंगलबार
28 JULY 2026, TUESDAY

# त्रिविमा १७ हजार विद्यार्थीले दिँदैछन् परीक्षा, आचारसंहिता उल्लंघन गरे रद्द



काठमाडौं । त्रिभुवन विश्वविद्यालयले आचारसंहिता उल्लंघन गरे परीक्षा रद्द गर्ने चेतावनी दिएको छ ।

व्यवस्थापन संकायका १७ हजार विद्यार्थीले परीक्षा दिइरहेको बताउँदै रजिस्ट्रार प्रा.डा. महानन्द चालिसेले कसैले गलत काम गरे तत्काल प्रहरीलाई बुझाउन आग्रह गरे ।

'१७ हजार विद्यार्थीको आज परीक्षा दिँदै छन् । नराम्रो गतिविधि गर्ने देखेमा राम्रो विद्यार्थीले तत्काल प्रहरीलाई जानकारी गराउनु,' उनले भने ।

व्यवस्थापन संकाय, डीनको कार्यालयबाट सञ्चालन हुने स्नातक, स्नातकोत्तर तथा एमफिल कार्यक्रमका परीक्षा चलिरहेको छ । त्रिविले विद्यार्थीका लागि ६ बुँदे सूचना पनि जारी गरेको छ ।

परीक्षा नियन्त्रण महाशाखाबाट जारी गरिएको वैध प्रवेश पत्र परीक्षाका दिन अनिवार्य ल्याउन भनेको छ । परीक्षा केन्द्रले तोकिएको सिटमा मात्र बसेर परीक्षा दिन विद्यार्थीलाई भनिएको छ । केन्द्राध्यक्ष वा निरीक्षककी अनुमति विना आफ्नो सिट वा परीक्षा भवन नछोड्न त्रिविले आग्रह गरेको छ ।

परीक्षा प्रारम्भ भएको एक घण्टाभित्र परीक्षा भवनबाट बाहिर निस्किन नपाइने भनिएको छ । मोबाइल फोन, स्मार्ट वाच जस्ता इलेक्ट्रोनिक डिभाइस, चिट, पुस्तक वा अन्य कुनै पनि निषेधित सामग्रीहरू परीक्षा भवनभित्र ल्याउन मनाही गरिएको छ ।

नक्कल गर्ने, अरूलाई सहयोग गर्ने, अरूको सट्टा परीक्षा दिने, परीक्षा सञ्चालनमा अवरोध पुऱ्याउने वा परीक्षा कर्मचारीप्रति अभद्र व्यवहार गर्ने जस्ता कार्य गर्न पाइने छैन ।

परीक्षा अवधिभर केन्द्राध्यक्ष, पर्यवेक्षक, निरीक्षक तथा परीक्षा कर्मचारीको निर्देशनको पूर्ण रूपमा पालना गर्नु पर्ने भनिएको छ ।

'परीक्षा नियम तथा आचारसंहिताको उल्लंघन गरेको पाइएमा विश्वविद्यालयको परीक्षा नियमावली बमोजिम परीक्षा रद्द हुने, निश्चित अवधिसम्म परीक्षामा सहभागी हुनबाट वञ्चित गरिने तथा आवश्यक परे कानुनी कारबाही समेत हुन सक्ने व्यहोरा सबै परीक्षार्थीलाई जानकारी गराइन्छ,' त्रिविले जारी गरेको सूचनामा भनिएको छ ।

## अन्तराष्ट्रिय

# होर्मज स्ट्रेटमा तेल ट्याङ्करमा आगलागी



काठमाडौं- समुद्री मार्ग होर्मज स्ट्रेटमा एउटा तेल ट्याङ्कर समुद्री माइन्समा ठोक्किएर भीषण आगलागी भएको छ । इरानी समाचार संस्थाका अनुसार उक्त ट्याङ्करले तेहरानले निर्धारण गरेको समुद्री मार्ग छाडेर अर्कै बाटो प्रयोग गर्दा बारुदी सुरुङमा ठोक्किन पुगेको हो ।

यसअघि पनि इरानले आफ्ना अधिकारीहरूले तोकेको मार्गभन्दा बाहिरबाट जहाज सञ्चालन गरेमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित जहाज स्वयंले लिनुपर्ने चेतावनी दिँदै आएको थियो । यद्यपि, यस घटनाका बारेमा इरानी अधिकारीहरूले हालसम्म कुनै आधिकारिक प्रतिक्रिया दिएका छैनन् भने भएको क्षति वा मानवीय हताहतीको पुष्टि हुन बाँकी छ । फेब्रुअरीदेखि अमेरिका र इरानबीच सैन्य द्वन्द्व सुरु भएयता समुद्री माइन्सका कारण जहाज दुर्घटनामा परेको यो पहिलो घटना हो । युद्धविरामपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ती माइन्स हटाउन निर्देशन दिएका थिए ।

# बर्डफ्लु सङ्क्रमण नियन्त्रणतर्फ

चितवन । पछिल्लो समय बर्डफ्लु नियन्त्रण हुँदैगएको व्यवसायीहरूले बताएका छन् । बर्डफ्लुको सङ्क्रमण देखिएपछि सरकारी क्षेत्रबाट गर्नुपर्ने काम प्रभावकारी रूपमा हुँदा सङ्क्रमण नियन्त्रण हुँदैगएको व्यवसायीले बताएका हुन् ।

सङ्क्रमण नियन्त्रणका लागि सचेतनासँगै आवश्यक सावधानी अपनाइएकाले बढी क्षति हुननपाएको नेपाल लेयर्स कुखुरापालक सङ्घका अध्यक्ष विनोद पोखरेलले बताए । उनका अनुसार कुखुरापालक सङ्घ र नेपाल ह्याचरी उद्योग सङ्घ केन्द्रीय समितिले पशु सेवा विभागलाई लिखित रूपमा धन्यवाद ज्ञापन गरेको छ । 'सबै कर्मचारीको समूह अहोरात्र खटिएर बर्डफ्लुको सङ्क्रमण नियन्त्रणतर्फ जानुका साथै आमसमुदायमा नकारात्मक प्रभाव नपर्ने गरी सचेतनामूलक सूचना सम्प्रेषण र सावधानी अपनाइ देशको आत्मनिर्भर व्यवसायलाई धरासयी हुनबाट जोगाउन गर्नुभएको योगदान अतुलनीय छ,' धन्यावाद पत्रमा भनिएको छ ।

सङ्घका अध्यक्ष पोखरेलले विभागले गरेको पहल र निरन्तरको योगदानका कारण थप क्षति हुनबाट पोल्ट्री क्षेत्र जोगिएको बताए । किसान र व्यवसायीलाई सङ्कट हुँदा तत्काल सम्बोधन गर्न सकेमा कम क्षतिमा काम हुन्छ भन्ने उदाहरण अहिले सिद्ध भएको उनले बताए । नेपाल ह्याचरी उद्योग सङ्घका केन्द्रीय अध्यक्ष राजेन्द्र लामिछानेले पशु सेवा विभागका महानिर्देशकसहितको समूहलाई भेट गरी बर्डफ्लु नियन्त्रणमा लिएको तदारुपता प्रति आभार व्यक्तसमेत गरेको बताए । ९९ दशमलव ९९ प्रतिशत रोग नियन्त्रण भएको जनाउँदै उनले अरु ठाउँमा सङ्क्रमण नदेखिनेमा आफूहरू विश्वस्त रहेको बताए ।

नेपालको कृषि क्षेत्रमध्ये एक मात्र आत्मनिर्भर व्यवसाय पोल्ट्री व्यवसायीकरण र आधुनिकीकरण हुँदै देशको कूल गार्हस्थ उत्पादनको करिब तीन प्रतिशत हिस्सा ओगटेको जनाउँदै सङ्घका केन्द्रीय अध्यक्ष लामिछानेले प्रत्यक्ष रूपमा पाँच लाख जनालाई रोजगारी उपलब्ध गराइरहेको बताए ।

---

**नागढुंगा शुरुङमार्ग...**

चर्चा भएको भएपनि निर्माण सम्पन्न हुन सकेको थिएन । काठमाडौं र धादिङ जोड्ने देशकै पहिलो आधुनिक सुरुङमार्ग, नागढुंगा सुरुङमार्ग बनेको छ । ऐतिहासिक परियोजनाको उद्घाटनपछि सुरुङमार्गमा सवारी साधनको आवागमन आयोजना प्रमुख सौजन्य नेपालका अनुसार सुरुमा आकस्मिक सवारीलाई मात्र प्रवेश दिने र चरणबद्ध रुपमा सञ्चालनमा ल्याइने, पहिलो चरणमा एम्बुलेन्स र सुरक्षा निकायका सवारी साधन जस्ता आपतकालीन एवं अत्यावश्यक सवारी साधनहरुलाई मात्र सुरुङमार्ग प्रयोग गर्न दिएको छ ।

यसरी सीमित संख्यामा सवारी साधन चलाएर सुरुमा त्यहाँको सुरक्षा स्थिति र ट्राफिक व्यवस्थापनको गहन अध्ययन गरिसकेपछि सुरुङमार्गमा अत्यावश्यक सवारी साधन चलाएर करिब एक हप्तादेखि १० दिनसम्मको परिक्षण गरिने आयोजना प्रमुखले बताएका छन् ।

यो परीक्षण अवधिभर सुरुङमार्ग प्रयोग गर्ने आपतकालीन सवारी साधनहरूले कुनै पनि प्रकारको दस्तुर वा टोल शुल्क तिर्नँ पर्ने छैन । अत्यावश्यक सवारी साधनको सफल परीक्षण र सुरक्षा सुनिश्चितता पछि मात्र सर्वसाधारणका सवारी साधनहरु क्रमिक रुपमा भित्रिन पाउनेछन् ।

यस प्रक्रियामा सुरुमा साना सवारी साधनलाई एकतर्फी रुपमा सञ्चालन गर्न सकिने र त्यसपछि मात्र बस लगायतका ठूला सार्वजनिक सवारी साधनहरूलाई अनुमति दिइने तयारी भइरहेको छ ।

नेपाले भने, 'सुरुङमार्गको भौतिक निर्माण र अन्य सबै कार्यहरु पूर्ण रुपमा सम्पन्न भइसकेका छन् । पहिलो पटक सुरुङमार्ग सञ्चालन गर्न लागिएकाले यस क्रममा आउन सक्ने सानातिना प्राविधिक समस्याहरुलाई तत्कालै समाधान ट्रबल सुटिङ गर्न र सुरक्षा व्यवस्था मजबुत बनाउनका लागि नै चरणबद्ध ओपनिङलाई प्राथमिकता दिइएका छौं । यो प्रक्रियाले चालक र यात्रु दुवैको यात्रालाई सुरक्षित र भरपर्दो बनाउने निश्चित गर्नेछ ।'

कुन सवारीलाई कति दस्तुर तत्कालिक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सडक बोर्ड ऐन, २०५८ को दफा ६ को उपदफा ९१० ले दिएको अधिकार प्रयोग गरी नागढुङ्गा सुरुङमार्ग खण्डमा चल्ने सवारी साधनबाट सुरुङमार्ग उपभोगबापत दस्तुर तोकेको छ ।

गत साउन २६ गते उक्त निर्णय गरेको र सोही आधारमा राजपत्रमा सूचना प्रकाशित गरी दर सार्वजनकि गरिएको थियो । जसअनसुार कार, भ्यान, पिकअप ट्याक्टर, माइक्रो बस र अन्य हलुका सवारीसाधन काठमाडौं प्रवेश गर्दा ६५ र बाहिरिँदा ६० तोकिएको छ ।

यस्तै मिनी बस, मिनी टिपररट्रकको प्रवेशका लागि ११५ र बाहिरिँदा ८० तथा बस, ट्रक सिङ्गल रियर एक्सल प्रति सवार ीसाधन प्रवेश गर्दा २६० र बाहिरिँदा २०० शुल्क तोकिएको छ । मल्टी एक्सल ट्रकरसवारीसाधन तथा भारी उपकरणको हकमा प्रवेश गर्दा ६०० र बाहिरिँदा २५० तोकिएको छ ।

नेपाल देशमा केही हुदैन सम्भावना छैन । नेपालले केही गर्न सक्दैन भन्ने खिसी टिउरी गरेर दिन बिताउने कुरौटैहरुको लागी भने नेपालको पहिलो आधुनिक शुरुङमार्ग निर्माण सम्पन्न भई आजवाट औपचारिक रुपमा उदघाटन भएको र जमिनमुनिवाट पनि नेपालले विकास शुरु गरेको पुष्टि गरी जवाफ दिएको छ । यो राष्ट्रिय गौरवको आयोजना तथा आधुनिक शुरुङमार्गले नेपालीहरुका लगी शानको अनुभूति भएको छ ।

स्मरणरहोस् : शिलान्यास, उदघाटन जस्ले गरेको भएपनि अपनत्व जसले लिन खोजेपनि यस्ता विवाद भन्दा नेपाल देशको विकास भएको छ । यो नै सम्पुर्ण नेपालीहरुको खुशी र उन्नती छिटो छरितो मार्गवाट नेपालले समयको बचत गर्न सफल हुदैछ । यस्ता महत्वपूर्ण शुरुङहरु निर्माण गरी लामो घुमाउरो सडकहरुलाई छोटो माध्यम बनाउने काम नेपालका धेरै ठाउँमा बनाई छिटो छरितो ढंगवाट पुग्न सकिने सुविधा आम नेपालीले पाउने गरी आउदा दिनमा कामहरु हदै जाउन् ।

**गृहमन्त्रीद्वारा निर्देशन...**

बढाउन आग्रह गरेका हुन । उनले ठेक्का लिएर आलटाल गरी बस्ने ठेकेदार कम्पनी र काममा तदारूकता नदेखाउने प्राविधिक वा अनुगमनकर्ता उपर कारबाही हुने समेत बताएका छन् ।

त्यस भेगमा खटिएका भन्सारका कर्मचारी एवं सुरक्षाकर्मीलाई सिमाक्षेत्रको सुरक्षा मजबुद पार्न, सेवा प्रवाह छिटो छरितो तवरले सम्पादन गर्न आग्रह समेत गरेका छन् ।

**अर्थमन्त्रीको आग्रह...**

सचिवालयले जनाएको छ । प्रवासी नेपाली मुलुकका सद्भावनादूत भएकाले मातृप्रतिको आफ्नो कर्तव्य निर्वाह गर्न प्रोत्साहन गर्दै अर्थमन्त्रीले देशको आर्थिक विकासमा वर्तमान सरकार लागिपरेकाले त्यसमा प्रवासमा रहेकाहरूको साथ र सहयोगको अपेक्षा गरिएको बताए ।

बजेटमार्फत अर्थतन्त्रको पुनरुत्थानका लागि कर, राजस्वीलगायत उद्योगमैत्री नीति कार्यान्वयन गरिएकाले ढुक्क भएर लगानी गर्न उनले आग्रह गरे । लगानीको प्रतिफल पनि सहज रूपमा फिर्ता लैजान सकिने अर्थमन्त्रीले स्पष्ट पारे । अर्थमन्त्रीले भने, "हामीले सरकारका तर्फबाट एनआरएनए बन्ड, अफसोर बन्ड, वैकल्पिक वित्त परिचालन जस्ता रूपान्तरणकारी अवधारणा अघि सारेको नेपालमा तपाईंहरूको लगानी विस्तारका लागि हो ।"

**नेपाल पत्रकार महासंघको आपत्ति ...**

नम्बर ३३, का सभापति दिनेश आचार्यले पत्रकार सुमन ढुंगानालाई धम्क्याएको महासंघको आरोप छ ।

समाचारप्रति चित्त नबुझेमा कानूनी प्रक्रिया वा प्रचलित विधिबाट समाधान खोज्न सकिने व्यवस्था हुँदाहुँदै पत्रकारमाथि यस्तो व्यवहार गरिनु अत्यन्त निन्दनीय र प्रेस स्वतन्त्रताविरोधी रहेको महासंघको ठहर छ । महासंघले माग गरेको छ, 'घटनाको छानबिन गरी दोषीलाई कानूनी दायरामा ल्याउन र पत्रकारलाई निर्वाध र निर्भिक रुपमा संविधानप्रदत्त अधिकार उपभोगको वातावरण बनाउन महासंघ सम्बन्धित निकायसँग माग गर्दछ ।

**प्रश्नपत्र सार्वजनिक...**

साउनमा सञ्चालन भएको एमबीएस प्रथम सत्रको 'अर्गनाइजेसनल बिहेभियर' विषयको परीक्षा सुरु भएको केही मिनेटमै प्रश्नपत्र सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो ।

**खुला सीमा...**

यद्यपि, अनुसन्धानका क्रममा उनीहरूमध्ये केही व्यक्तिहरू लागुऔषध कारोबार लगायतका गम्भीर आपराधिक गतिविधिमा समेत संलग्न रहेको तथ्य फेला परेको प्रहरी प्रमुख कार्कीले समिति समक्ष खुलासा गरे ।

खुला सीमाको फाइदा उठाउँदै नेपाललाई आपराधिक गतिविधिको 'ट्रान्जिट' र सुरक्षित आश्रयस्थलका रूपमा प्रयोग गर्ने प्रयास हुन सक्ने भएकाले सुरक्षा निकाय थप सतर्क रहनुपर्ने अवस्था आएको आईजीपी कार्कीको भनाइ छ । यस्ता गैरकानुनी प्रवेशले मानव तस्करी, लागुऔषध ओसारपसार, संगठित अपराध, नक्कली कागजातको प्रयोग र अवैध बसोबास जस्ता अन्तरदेशीय अपराधको जोखिमलाई उच्च बनाएको छ । सुरक्षा निकायको निगरानी कमजोर भएमा यसले राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति र सीमावर्ती क्षेत्रको समग्र सुरक्षा व्यवस्थामै दीर्घकालीन असर पार्न सक्ने खतरा उनले औंल्याए ।

यसैगरी बैठकमा उनले दक्षिणी सीमाक्षेत्रमा मल खरिदका क्रममा भारतीय पक्षबाट पक्राउ परेका नेपाली नागरिकहरूबारे पनि जानकारी दिए । भारतीय प्रहरीले तस्कर ीसम्बन्धी अभियोगमा उनीहरूलाई नियन्त्रणमा राखेको स्पष्ट पार्दै दुवै देशका प्रहरीबीचको (एयषिअभ-तय-एयषिअभ) समन्वय र कूटनीतिक पहलमार्फत आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको र उनीहरूलाई शीघ्र रिहा गराउने प्रयास भइरहेको बताए ।

सीमापार हुने अपराधको अनुसन्धानमा विद्यमान कानुनी साँगुरोपन मुख्य बाधक बनेको उनले उल्लेख गरे । नेपालको कानुनले देशबाहिर हुने अपराधमा प्रत्यक्ष अनुसन्धान तथा कारबाही गर्ने पर्याप्त क्षेत्राधिकार नदिँदा चोरी, तस्करी तथा अन्य अन्तरदेशीय अपराधको अनुसन्धानलाई प्रभावकारी बनाउन कठिनाइ भइरहेको उनको भनाइ थियो । सीमा सुरक्षालाई सुदृढ र चुस्त बनाउन छिमेकी मुलुकसँगको सूचना आदानप्रदान, संयुक्त समन्वय, आधुनिक प्रविधिमा आधारित निगरानी प्रणाली र समयसापेक्ष कानुनी सुधार अपरिहार्य रहेकोमा प्रहरी प्रमुख कार्कीले जोड दिए ।

**हात्तीको संरक्षण...**

सर्वोच्च अदालतले घरपालुवा र निजी स्वामित्वमा रहेका हात्तीहरुको अनिवार्य दर्ता तथा अभिलेखीकरण गर्न आदेश दिएको छ । दर्ता नभएका हात्तीको पहिचान गरेर कारबाही गर्नू भनेको छ । अनि हात्तीको खरिदबिक्री र स्थानान्तरणलाई अनुमती दिनुपर्ने र अभिलेख राख्नुपर्ने प्रणाली बनाउन भनेको छ ।

पछिल्लो समयमा बढ्दो अनियन्त्रित मानव अतिक्रमण, विभिन्न ठाँउमा लगाइएको विद्युतीय तारबार, अनि सडक, रेलमार्गलगायतले हात्तीहरुको परम्परागत जैविक मार्ग संकुचित र कण्डित भएको भन्दै त्यसले मानवीय जोखिम पनि बढाएको औंल्याएको छ ।

नेपालको झापाको बाहुनडाँगीदेखि भारतको पश्चिम बंगालसम्म, पश्चिम नेपालको बर्दिया राष्ट्रिय निकुञ्ज र भारतको कतर्नियाघाट वन्यजन्तु आरक्ष जोड्ने खाता करिडोर र चितवन-वाल्मीकि क्षेत्रमा हात्तीहरुको बगाल एक देशबाट अर्को देशमा आउजाउ गर्छन । तर ती क्षेत्रका मानव वस्तीमा हात्ती प्रवेश गर्ने र जीउ ज्यान नै जोखिममा समेत पर्ने अवस्था रहेको भन्दै सर्वोच्च अदालतले त्यसलाई रोक्नेगरी नीति बनाउन भनेको हो ।

केही संरक्षणकर्मी, काठमाडौं स्कूल अफ ल का विद्यार्थी र अध्यापकहरुले हात्तीमाथिको क्रुरतापूर्वक हुने व्यवहार रोक्नुपर्ने र उनीहरुको संरक्षण हुनुपर्ने माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए । त्यही निवेदनको सुनुवाइपछि सर्वोच्च अदालतले हात्ती संरक्षण गरी उनीहरुबाट हुने मानवीय नोक्सानी घटाउने रणनीति बनाउन सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको हो । २ पुस, २०८२ मा भएको निर्णयको पूर्णपाठ सर्वोच्च अदालतले यसैसाता सार्वजनिक गरेको हो ।

# अशोक दर्जीले आफूमाथि कुटपिट गर्नेविरुद्ध प्रहरीमा दिए उजुरी


काठमाडौं- गायक तथा कलाकार अशोक दर्जीले आफूमाथि कुटपिट गर्नेविरुद्ध प्रहरीमा उजुरी दिएका छन्

उनले बिर्तामोडको अनारमनी इलाका प्रहरी कार्यालयमा गत असार २२ गते निवेदन दिएका हुन् ।

निवेदनमा उनले आफूमाथि भएको कुटपिटको घटना एक महिना अगाडिको रहेको उल्लेख गरेका छन् । उनका अनुसार उनीहरूले एक हजार चोरेको भन्दै कुटपिट गरेका थिए ।

उनले निवेदनमा भनेका छन्, ' अंकित प्रधान र शनिश्चरे बस्ने शुक्रे समेत दुईजना भएर मलाई ' चोर चोर' भन्दै भिडियो बनाउँदै जथाभावी कुटपिट गर्दै हाम्रो एक हजार रुपैयाँ चाहियो भन्दै भिडियो बनाएका थिए । त्यो भिडियो सामाजिक सञ्जालमा लगाएर मेरो भविष्यमाथि





खेलवाड गरिरहेको छ । पटकपटक हटाइदिनभन्दा पनि उल्टै धम्काइरहेको छ ।' निवेदनमा अशोकले आफूमाथि कुटपिट गरेर भिडियो बनाउनेलाई पक्राउ गरी कारबाही गर्न माग गरेका छन् । उनको निवेदन परेसँगै अनारमनी प्रहरी कार्यालयले छानबिन सुरु गरिसकेको जनाइएको छ । आइतबार साँझ अशोकमाथि कुटपिट भएको भिडियो टिकटकमा भाइरल भएको थियो, जसमा एक युवकले उनलाई गालामा थप्पड हानिरहेको देख्न सकिन्छ । अशोक गत वर्षदेखि झापाको बिर्तामोडमा परिवारसँग बस्दै आएका छन् । त्यसअघि उनी काठमाडौंमा गायक टंक बुढाथोकीको संरक्षणमा थिए । टंकले निर्माण गरेको फिल्म 'मन बिनाको धन'मा अभिनय गरेपछि उनी परिवारको रेखदेखका लागि झापा गएका थिए । अहिले उनले त्यहीँको विद्यालयमा अध्ययन गर्दै गायन र अभिनयलाई निरन्तरता दिँदै आएका छन् ।

# 'गौँथली'को साढे ७ करोड नजिक




काठमाडौं- गीतकार तथा स्त्रीरोग विशेषज्ञ डा. भोला रिजालका छोरा डा. कपिल रिजालको निर्देशनमा बनेको फिल्म 'गौँथली'ले घरेलु बक्स अफिसमा आक्रामक व्यापार गरेको छ । साउन १ गतेबाट प्रदर्शनमा आएको फिल्मले १० दिनमा साढे ७ करोड नजिक व्यापार गरेको चलचित्र विकास बोर्डको तथ्यांकमा देखिन्छ । फिल्मको यो कमाइ हिजो आइतबार (१० साउन)सम्मको हो ।

१० दिनको अवधिमा फिल्मका २ लाख ६० हजार २५२ वटा टिकट बिक्री भएका छन् । योसँगै 'गौँथली' यस वर्षको सर्वाधिक कमाइ गर्ने दोस्रो फिल्म बनेको छ । पहिलो स्थानमा 'जात्रा' समूहको फिल्म 'लालीबजार' छ, जसले ९ करोड ३२ लाख रुपैयाँ ग्रस व्यापार गरेको थियो । यो फिल्मको रेकर्ड 'गौँथली'ले यसै साता तोड्ने निश्चित देखिएको छ ।

यस फिल्मले प्रदर्शनयताकै सबैभन्दा उच्च व्यापार गत शनिबार गरेको थियो । त्यसदिन फिल्मको कमाइ १ करोड ६५ लाखमाथि थियो । यो यस वर्ष नेपाली फिल्मले गरेको सर्वाधिक एकदिने कमाइ हो । आइतबार पनि फिल्मले लगभग डेढ करोडको व्यापार गऱ्यो ।

बोर्डले 'गौँथली'सँगै अन्य दुई फिल्म 'रोल नं. १' र 'भागदौड'को पनि कमाइ विवरण सार्वजनिक गरेको छ । जसमा 'रोल नं. १'ले १० साउनसम्म ७१ हजार ४७३ वटा टिकट बिक्री गर्दै १ करोड ७८ लाख ५१ हजार ६९८ रुपैयाँ ग्रस कमाइ गरेको देखिन्छ । 'भागदौड'ले भने सोही अवधिसम्म १ लाख १९५ रुपैयाँ कमाइ गरेको छ । यो यस वर्षको सबैभन्दा कम कमाउने फिल्म हो ।

# नयाँ फिल्ममा देखिँदै साम्राज्ञी

काठमाडौं- अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह नयाँ फिल्म 'एक्का मिस्सी बादशाह'मा देखिँदैछिन् ।

यो फिल्मको शनिबार काठमाडौंमा एक कार्यक्रमका बीच निर्माण घोषणा गरियो । सञ्जय राईको निर्देशनमा बन्ने यस फिल्ममा उनी बोल्ड भूमिकामा प्रस्तुत हुने जनाइएको छ ।

फिल्मको घोषणा कार्यक्रममा साम्राज्ञीलाई पत्रकारले फिल्ममा कम देखिनुको कारणबारे प्रश्न गरेका थिए । त्यसबारे उनले भनिन्, 'म कम फिल्म गर्छु तर ' क्वालिटी'को गर्छु भनेर कम फिल्म गरिरहेको हुँ । बीचमा फिल्मको अफर नआएको होइन, तर कुनै स्क्रिप्टले पनि छुँदै छोएन । मलाई मनपर्ने स्क्रिप्ट र क्यारेक्टर नै नभेटेपछि बरु फिल्म नै गर्दिनँ भनेर बसेकी थिएँ ।'

फिल्म नगर्दा सुटिङको माहोल भने एकदमै मिस हुने उनको भनाइ छ । 'फिल्ममा म मात्र काम गरिरहेको हुँदिनँ । लाइटम्यानदेखि मेकअप आर्टिस्टसम्म सयौँले काम गरिरहनुभएको हुन्छ । चिसो मौसममा काम गर्दा क्यामेरा अगाडि म कापेको हुन्छु होला तर क्यामेरा पछाडि सबै टिम कापिरहेको हुन्छ । गर्मी मौसममा पनि त्यही अवस्था हुन्छ । त्यसको मजा नै छुट्टै छ,' उनी सम्झन्छिन् ।

पछिल्लो समय नेपाली फिल्मले राम्रो गरिरहेकोमा उनी



खुसी देखिन्छिन् । विश्वभर नेपाली फिल्मको चर्चा हुने गरेको बताउँदै उनी भन्छिन्, 'पहिला म कति ठाउँमा जाँदा दर्शकहरूले नेपाली फिल्म 'रियालिस्टिक' नै लाग्दैन भन्नुहुन्थ्यो । तर, अहिले म जहाँ जान्छु, त्यहाँ फिल्मको चर्चा भएको पाउँछु । कलाकारहरूको काम पनि चर्चा हुन्छ । त्यो सुन्दा एकदमै खुसी लाग्छ ।'

## विजयको अन्तिम फिल्म

# 'जन नायगन'ले गऱ्यो ४१ करोडको ओपनिङ



काठमाडौं- तमिल सुपरस्टार थलपति विजय अभिनीत फिल्म ' जन नायगन'ले रिलिजसँगै बक्स अफिसमा धमाका मच्चाएको छ । तमिलनाडुको मुख्यमन्त्री बनेपछि विजयको यो पहिलो फिल्म हो भने उनको अभिनय करिअरको अन्तिम फिल्म पनि हो । यसैले फिल्मप्रति दर्शकमा ठूलो उत्साह देखिएको थियो । त्यसको प्रत्यक्ष प्रभाव पहिलो दिनको बक्स अफिस कमाइमा परेको छ ।

पहिलो दिन १३ हजार ६७ शो पाएको फिल्मले भारतमा ४१ करोड नेट ओपनिङ गरेको बक्स अफिस ट्र्याकर सैकनिल्कले जनाएको छ । विदेशी बजारबाट भने फिल्मले ३० करोड रुपैयाँ कमाएको छ ।

योसँगै फिल्मको पहिलो दिनको विश्वव्यापी ग्रस कमाइ ७८ करोड २७ लाख रुपैयाँ पुगेको छ । फिल्मले भारतमा अग्रिम टिकट बिक्रीबाट मात्रै २० करोड कमाएको थियो ।

घरेलु बजार (भारत)मा फिल्मको तमिल संस्करणले सबैभन्दा राम्रो व्यापार गरेको छ ।

# पूजा र पुष्पपछि 'एक्का तीन'मा

काठमाडौं- 'दान्भी' निर्देशक रुपेश तामाङको नयाँ फिल्म 'एक्का तीन'मा कलाकारको 'लाइनअप' बलियो बनेको छ । पूजा शर्मा र पुष्प खड्का अनुबन्धित भइसकेको यस फिल्ममा अब अभिनेत्री कविता नेपाली भित्रिएकी छन् । उनीसँग सोमबार निर्देशक तामाङले लिखित सम्झौता गरेका हुन् । सोमबार उनको जन्मदिन पनि परेको थियो ।

निर्देशक तामाङले 'एक्का तीन' एक्सन जनरामा बन्ने भएकाले कविताको एक्सन पनि दर्शकले रुचाएका कारण फिल्ममा अनुबन्धित गरिएको जानकारी दिए । उनका अनुसार फिल्ममा कविता एक्सन भूमिकामा देखिनेछिन् । फिल्ममा पूजा र कविताबीच कडा टक्कर हुने उनको भनाइ छ । दुवैले फिल्मका लागि एक्सनको तालिम समेत लिने उनले बताए ।

तीन पात्रको कथामा बन्न लागेको यो फिल्म जुना फिल्म्स र अधिरा फिल्म्सको ब्यानरमा निर्माण हुनेछ । फिल्मको पटकथा तथा संवाद सुमन गजमेरले तयार पारेका छन् । उनले यसअघि 'रंगी' लेखेका थिए । आगामी भदौबाट छायांकनमा जाने यो फिल्मको दोस्रो श्रृंखला निर्माण गर्ने योजना पनि निर्माण पक्षले बनाएको छ ।

## सुसेलीहरू



**ध्रुवराज थापा**
**कपन, काठमाडौं ।**

सुसेली १
दाइजो प्रथा
हटाउन सकेनौ
मनमा व्यथा

सुसेली २
कस्ले भनेर
अपराधी भग्ला है
आँखा छलेर

सुसेली ३
गुरु गनेर
शिक्षाऐन पर्खेका
आओस् भनेर

सुसेली ४
ती ब्रह्मचारी
हेर्ने अश्लिल लुकी
कस्ता भिखारी

सुसेली ५
हासेर बाँचौं
आत्मसन्तुष्टि लिई
खुसीले नाचौं

सुसेली ६
स्वच्छ खाएर
दिमाग तिखो पारौं
धेरै पढेर

सुसेली ७
नेपाल बार
देखिएन स्वतन्त्र
दलको भार

सुसेली ८
सेटिक्तो जालो
च्यातेर लौ नफ्याँके
हुदैन भलो

सुसेली ९
वरिष्ठ बुढो
पदमात्रै ओगट्छ
कुहियो मुढो

सुसेली १०
धुजा पारेर
गर्नैपर्छ विकास
जालो च्यातेर

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP
वर्ष -१९, अंक- २,
२०८३ साल साउन १२ गते मंगलबार
28 JULY 2026, TUESDAY

# नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्न कोशिस हुदैछ: अर्थमन्त्री



काठमाडौं- अर्थमन्त्री डा स्वर्णिम वाग्लेले नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्न सरकार निरन्तर प्रयासरत रहेको बताएका छन् । कर प्रशासनलाई पारदर्शी, प्रभावकारी र विश्वसनीय बनाउन सके नेपाल ग्रे लिष्टबाट चाँडै बाहिर निस्कने उनको विश्वास छ ।

आन्तरिक राजस्व विभाग, लाजिम्पाटबाट देशभरका विभाग मातहतका कर अधिकृतहरूलाई विहिवार सम्बोधन गर्दै उनले सम्पत्ति शुद्धीकरणसम्बन्धी अपराधलाई कर प्रशासनको तर्फबाट पनि मिहीन ढङ्गले हेर्नुपर्नेमा जोड दिए ।

अर्थमन्त्री वाग्लेले कर प्रशासकहरूको वृत्तिविकास एवं उनीहरूको काम गर्ने तरिका र राज्यलाई गरेको सहयोगका आधारमा प्राथमिकताका साथ हेरिने बताए ।

उनले कर संकलनका लागि जबर्जस्ती र त्रसित बनाएर नभई स्वेच्छिक कर अनुपालनमार्फत करदाताहरूलाई करको दायरामा समेट्नुपर्नेमा जोड दिए । कर प्रशासनलाई चुस्त बनाउन जनशक्ति, पूर्वाधार वा सूचना प्रविधिजस्ता जुनसुकै कुराको अभाव भए निर्धक्क भएर भन्न पनि उनले आग्रह गरे । कर प्रशासनमा काम गर्ने र राज्यलाई लाभ दिलाउनेलाई प्रोत्साहन गरिने उनले स्पष्ट पारे । यस वर्षको बजेटले अर्थतन्त्रको जहाजलाई मोडेलको रूपमा बुझ्न आग्रह गर्दै उनले आगामी चार आर्थिक वर्षको बजेटमार्फत सरकारले बनाउन चाहेको अर्थतन्त्रको आधार देखिने बताए । बजेटमा दिइएको छुटका योजना कार्यान्वयन गर्न, करदाता प्रोत्साहन कार्यक्रम सफल बनाउन, करदाता सचेतना वृद्धि र कारोबार डिजिटल बनाउन सबैखाले पहल गर्न उनले विभागीय नेतृत्वलाई निर्देशन दिए ।

# सामसङ इनोभेसन क्याम्पसद्वारा कोडिङ ग्र्याजुएट सम्मान, नेपालमा एआई कार्यक्रमका लागि आवेदन खुला

काठमाडौं । सामसङ नेपालले डिजिटल प्रतिभा विकास गर्ने आफ्नो पहलअन्तर्गत सामसङ इनोभेसन क्याम्पस (क्क्त्र्) कोडिङ तथा प्रोग्रामिङ कोर्स सफलतापूर्वक सम्पन्न गरेको छ । साथै, कम्पनीले नेपालमा नयाँ आर्टिफिसियल इन्टेलिजेन्स (एआई) कार्यक्रम सुरु गर्न आवेदन खुला गरेको घोषणा गरेको छ ।

डिसेम्बर २२, २०२५ देखि जुन ३०, २०२६ सम्म सञ्चालन भएको कोडिङ तथा प्रोग्रामिङ कोर्समा सहभागी विद्यार्थीहरूले प्राविधिक सीप, व्यावहारिक परियोजना अनुभव र उद्योगसँग सम्बन्धित ज्ञान हासिल गरेका थिए । कार्यक्रम सफलतापूर्वक पूरा गर्ने विद्यार्थीहरूलाई आयोजित विशेष समारोहमा सम्मान गरिएको थियो । सामसङ नेपालका प्रबन्ध निर्देशक चाङ उक जङले नेपालका युवामा रहेको सम्भावनालाई प्रविधि शिक्षामार्फत उजागर गर्न सामसङ इनोभेसन क्याम्पसले महत्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो ।

“आर्टिफिसियल इन्टेलिजेन्सले हरेक उद्योगलाई परिवर्तन गरिरहेको अवस्थामा डिजिटल प्रतिभाको विकास अझ आवश्यक बनेको छ । सामसङ इनोभेसन क्याम्पसमार्फत युवाहरूलाई सीप, आत्मविश्वास र नवीन सोच प्रदान गरी नेपालको डिजिटल भविष्य निर्माणमा सहयोग गरिरहेका छौं,” उहाँले भन्नुभयो ।



सामसङको विश्वव्यापी कर्पोरेट सामाजिक उत्तरदायित्व (ऋक्च) दृष्टिकोण ‘त्यनभतजभच ायच त्कयचचयध! भ्लबदष्लिन एभयउभि’ अन्तर्गत सन् २०२३ मा नेपालमा सुरु भएको सामसङ इनोभेसन क्याम्पसले युवाहरूलाई उदीयमान प्रविधिमा उद्योगअनुकूल सीप प्रदान गर्दै आएको छ ।

कम्पनीका अनुसार नयाँ एआई कार्यक्रमले सहभागीहरूलाई कृत्रिम बुद्धिमत्ता प्रविधिको ज्ञान, समस्या समाधान क्षमता र व्यावहारिक अनुभव प्रदान गर्नेछ । वास्तविक विश्वका चुनौतीमा आधारित यस पाठ्यक्रमले नेपालमा एआई दक्ष जनशक्ति विकास गर्न र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ ।

कार्यक्रमपछि पनि सामसङ नेपालले ग्र्याजुएटहरूलाई करियर मार्गदर्शन, उद्योग विशेषज्ञबाट मेन्टर सिप र नवप्रवर्तन परियोजनामार्फत सहयोग जारी राख्ने जनाएको छ ।

सामसङले भविष्यमा ‘सामसङ इनोभेसन क्याम्पस अल्मुनाई नेटवर्क’ स्थापना गर्ने योजना समेत अघि सारेको छ । यस नेटवर्कमार्फत पूर्व सहभागीहरूलाई एक-आपसमा जोडिन, निरन्तर सिकाइमा सहभागी हुन र नयाँ पुस्ताका विद्यार्थीलाई मार्गदर्शन गर्न अवसर प्रदान गरिनेछ ।

सामसङले नेपालको एआई इकोसिस्टम विकास, रोजगारीका अवसर विस्तार र डिजिटल रूपान्तरणलाई गति दिन शिक्षण संस्था, उद्योग तथा सरकारबीच सहकार्य आवश्यक रहेको जनाएको छ ।

# शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक स्थगित

काठमडौं । प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक स्थगित भएको छ । समितिको बैठकमा सोमबार दिउँसो २ बजे बस्ने तय भएको थियो । जसको कार्यसूचीमा ‘राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को कार्यान्वयनको अवस्था’बारे छलफल गर्ने भन्ने थियो ।

यो ऐनमा २०८५ फागुन १० गतेभित्र सबै निजी मेडिकल कलेज गैरनाफामूलक संस्थामा रूपान्तरण भइसक्नुपर्ने व्यवस्था छ । तर समयसीमा पूरा हुन दुई वर्ष सात महिना मात्र बाँकी रहँदा पनि सरकारले रूपान्तरणको कार्यविधि, मापदण्ड वा कार्ययोजना तयार गरेको छैन ।

यो विषयमा छलफल गर्न समितिले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री, मन्त्रालयका सचिव, शिक्षा तथा खेलकुद मन्त्री र मन्त्रालयका कर्मचारीका साथै चिकित्सा शिक्षा आयोगका उपाध्यक्षलाई बोलाइएको थियो । तर अन्तिम समयमा आएर संसदीय समितिको बैठक स्थगित भएको हो ।समितिले सूचना निकालेर भनेको छ, “समितिको बैठक विशेष कारणले अर्को सूचना नभएसम्मका लागि स्थगित भएको बेहोरा माननीय सदस्यज्यूहरुको जानकारीका लागि निर्देश अनुसार अनुरोध गर्दछु ।’

बैठक स्थगित भएको सूचनामा के विषयमा छलफल हुँदै थियो भन्ने समेत उल्लेख छैन । साथै के कारणले स्थागित गरिएको भनेर पनि प्रस्ट भनिएको छैन ।चिकित्सासम्बन्धी शिक्षण संस्था क्रमशस् गैरनाफामूलक र सेवामूलक संस्थाका रूपमा रहनेछन् भन्ने स्पष्ट र बाध्यकारी कानुनी व्यवस्था कार्यान्वयनको विषयमा सार्वजनिक रुपमा समेत कतिपयले जिज्ञासा राखेका छन् । यो माग सहित डा. गोविन्द केसीले सत्याग्रह जारी राखेका छन् ।

यो पृष्ठभूमिमा निजी मेडिकल कलेजहरू गैरनाफामूलक हुनुपर्ने ऐन कार्यान्वयनको विषय उठाएर डा । तोसिमा कार्कीले यो संसदीय समितिमा निवेदन नै दिएकी थिइन् ।



‘ऐन प्रमाणीकरण भएको मिति (२०७५ फागुन १०) अनुसार अब २०८५ फागुन १० गतेभित्र नेपालका सम्पूर्ण निजी शिक्षण संस्थाहरू अनिवार्य रूपमा गैर-नाफामूलक र सेवामूलक संस्थाका रूपमा रूपान्तरण भइसक्नुपर्ने कानुनी बाध्यता छ’ उनको निवेदनमा उल्लेख छ ।

राष्ट्रिय चिकित्सा शिक्षा प्रणालीलाई सुधार्ने उद्देश्यले संघीय संसद्ले राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ सालमा बनाएको हो । यो ऐन बनेर लागू भएको सात वर्ष बितिसक्दा पनि यसको कार्यान्वयनको विषयमा सरकारको ध्यान नगएको भनेर प्रश्न उठिरहेका बेला संसदीय समितिले छलफल गर्न लागेको थियो । तर अन्तिम समयमा स्थगित गरिएको छ ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ४७ ले निजी मेडिकल तथा डेन्टल शिक्षण संस्थालाई गैरनाफामूलक संस्थाका रूपमा सञ्चालन गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ । यसका लागि ऐन लागू भएको दश वर्षभित्र सबै निजी मेडिकल कलेजले आफ्नो कानुनी संरचना परिवर्तन गरिसक्नुपर्ने व्यवस्था छ । अर्थात् २०८५ फागुन १० गतेभित्र सबै निजी मेडिकल कलेज गैरनाफामूलक संस्थामा रूपान्तरण भइसक्नुपर्ने कानुनी बाध्यता छ । तर, समयसीमा पूरा हुन दुई वर्ष सात महिना मात्र बाँकी रहँदा पनि सरकारले रूपान्तरणको कार्यविधि, मापदण्ड वा कार्ययोजना तयार गरेको छैन । यही विषयलाई लिएर शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले छलफल गर्न लागेको थियो । तर, समिति बैठक नै बस्न सकेन । बरु अनिश्चितकालका लागि स्थगित हुन पुगेको छ ।

यस्तो ऐन बन्नुको पछाडि वरिष्ठ चिकित्सक डा । गोविन्द केसीको निरन्तरको अनसन र दबाब थियो । उनी चिकित्सा शिक्षामा मौलाएको व्यापारीकरण, राजनीतिक हस्तक्षेप, महँगो शुल्क, सीमित पहुँच र गुणस्तरहीन शिक्षाविरुद्ध पटक-पटक आमरण अनशन बसेका थिए ।

त्यसपछि तत्कालीन सरकारले चिकित्सा शिक्षा सुधारको प्रतिबद्धता जनाएको थियो । सोही आन्दोलनको दबाबपछि संसद्ले २०७५ सालमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन पारित गरेको थियो । ऐनको उद्देश्य चिकित्सा शिक्षालाई व्यवस्थित बनाउने, गुणस्तरीय बनाउने, सबै नागरिकको पहुँच सुनिश्चित गर्ने र चिकित्सा शिक्षालाई नाफामुखी व्यवसायभन्दा सेवामुखी प्रणालीमा रूपान्तरण गर्ने थियो । यही उदेश्यअनुसार निजी मेडिकल कलेजलाई पनि गैरनाफामूलक संस्थामा बदल्ने व्यवस्था ऐनमा राखिएको हो ।तर सरकार हालसम्म कार्यान्वयनको चरणमा पुग्न सकेको छैन । सरकारले निजी मेडिकल कलेज कसरी गैरनाफामूलक संस्थामा रूपान्तरण गर्ने भन्ने स्पष्ट कार्यविधि नै तयार पारेको छैन । कम्पनीका रूपमा दर्ता भएका संस्थालाई गुठी, ट्रस्ट वा अन्य गैरनाफामूलक संरचनामा कसरी लैजाने भन्ने कानुनी र प्रशासनिक प्रक्रिया अस्पष्ट छ ।

# युवा गैरसरकारी संस्था महासंघ नेपालको केन्द्रीय सदस्यमा राजेन्द्र अधिकारी मनोनीत

काठमाडौं । युवा गैरसरकारी संस्था महासंघ नेपाल को केन्द्रीय सदस्यमा राजेन्द्र अधिकारी मनोनीत भएका छन् । वि ।सं । २०६५ सालमा स्थापना भएको महासंघ नेपाली युवाको क्षेत्रमा झन्डै दुई दशकदेखि सक्रिय रहँदै आएको छ । महासंघमा देशभरका २,१०० भन्दा बढी युवा संस्थाहरू आबद्ध छन् ।

केन्द्रीय सदस्यमा मनोनयन भएपछि अधिकारीले यसलाई गौरवका साथै थप जिम्मेवारीका रूपमा ग्रहण गरेको बताएका छन् । युवाको क्षेत्रमा आफूले लामो समयदेखि गर्दै आएको निरन्तर योगदानको कदर भएको महसुस गरेको उल्लेख गर्दै उनले गाउँदेखि सहर, टोलदेखि सिंहदरबार तथा स्थानीय तहदेखि केन्द्रीय तहसम्मको युवा अभियानमा साथ दिने सबै अग्रज, सहयात्री र भाइबहिनीप्रति आभार व्यक्त गरेका छन् । उनले महासंघका अध्यक्ष नारायण गिरी, महासचिव रबिन्द्र लामिछाने तथा सम्पूर्ण केन्द्रीय नेतृत्व, पदाधिकारी र महासंघ परिवारप्रति विश्वास व्यक्त गर्दै धन्यवाद ज्ञापन गरेका छन् ।

यसअघि दैलेख जिल्ला संयोजकका रूपमा जिम्मेवारी सम्हालिसकेका अधिकारीले अब केन्द्रीय सदस्यका रूपमा महासंघको उद्देश्य, मूल्य र अभियानलाई अझ प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले युवा अधिकार, नेतृत्व विकास, क्षमता अभिवृद्धि, सामाजिक रूपान्तरण तथा राष्ट्र निर्माणमा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न इमान्दारी, सक्रियता र समर्पणका साथ योगदान गर्ने बताएका छन् ।

अधिकारीले यो सम्मानलाई थप जिम्मेवारीका रूपमा स्वीकार गर्दै आगामी दिनमा पनि सम्पूर्ण अग्रज, शुभेच्छुक, साथीभाइ तथा युवा अभियानका सहयात्रीहरूको निरन्तर साथ, सहयोग, सुझाव र विश्वासको अपेक्षा गरेका छन् ।

बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसाग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक: मोहन कार्की (९८५१०८७१५६), सम्पादक: ईन्दिरा धमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार